का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ फागुन २०८२
बिहीबार
26 February 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ३५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# दोधारे नीतिमा दलहरू
## उद्योग सरकारले खोल्ने कि निजी क्षेत्रले ?

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह (बालेन)ले २२ माघमा उदयपुर सिमेन्टको गेट अगाडि उभिएर फोटो खिचे । अनि, सामाजिक सञ्जालमा लेखे, 'उद्योगहरू देशको मेरुदण्ड हुन् । उद्योगहरूको विकासले देशमा रोजगारीको अवसर सिर्जना हुने, राष्ट्रिय आय बढाउन सहयोग गर्नुका साथै देशको आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्छ । उदयपुर सिमेन्टजस्तो उद्योगलाई राज्यले संरक्षण तथा प्रवर्धन गर्नुपर्छ ।'

उदयपुर सिमेन्ट नेपाल सरकारको पूर्ण स्वामित्वको उद्योग हो । चुनावी अभियानका क्रममा उदयपुर पुगेका शाहले यस्तो स्टाटस लेखेपछि धेरैले उनी सरकारले उद्योग खोल्ने र त्यसमार्फत रोजगारी सिर्जना गर्ने राज्य नियन्त्रित अर्थ नीतिका वकालतकर्ताका रुपमा रहेको बुझे ।

७ फागुनमा रास्वपाले सार्वजनिक गरेको बाचापत्रमा पनि राज्यले औद्योगिक पूर्वाधारमा लगानी गर्ने विषय समावेश छ । बाचापत्रमा 'राज्यले नै नेपाल उत्पादन कोषमार्फत वैदेशिक रोजगारीबाट प्राप्त पुँजीलाई औद्योगिक पूर्वाधारमा सिधै लगानी गर्ने' भनिएको छ । राज्यले नै कोष खडा गरेर उद्योगधन्दामा लगानी गर्ने व्यवस्था राज्य नियन्त्रित अर्थनीति हो । तर, रास्वपाले सैद्धान्तिक रूपमा भने उदार अर्थतन्त्रको वकालत गरेको छ ।

> पटक-पटक सरकारको नेतृत्व गरेका एमाले र नेकपाले न राज्य नियन्त्रित अर्थ नीतिलाई व्यवहारमा लागू गराउन सके न उदार अर्थतन्त्रलाई स्वीकारे। कांग्रेस मौन छ भने वैकल्पिक शक्तिको रूपमा उदाउँदै गरेको रास्वपाको नीति पनि उस्तै दोधारे देखिन्छ। जसले फेरि पनि नेपालले अंगाल्ने अर्थ नीतिको भविष्य प्रष्ट गर्न सकेको छैन।

उदार अर्थतन्त्रमा राज्यको भूमिका केवल नियामकको रुपमा रहने र निजी क्षेत्रलाई लगानीको नेतृत्व दिने नीति रहन्छ । यसको पनि वकालत गर्दै रास्वपाले भनेको छ, 'हाम्रो पार्टी उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो ।'

सैद्धान्तिक पक्ष र आर्थिक कार्यक्रमहरू आपसमा बाझिने नीति अन्य दलहरूको पनि छ । खासगरी रोजगारी सिर्जना गर्ने विषयमा दलहरूले उद्योग खोल्ने बाचा गर्ने गरेका छन् ।

नेपाली कम्युनिष्ट पार्टी राज्य नियन्त्रित अर्थनीतिको वकालत गर्दछ । उसले घोषणापत्रमा लेखेको छ, 'राज्य संरक्षित कृषि र औद्योगिकीकरणको नीतिमार्फत कृषि तथा उद्योगलगायत उत्पादनका क्षेत्रहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने ।'

साथमा निजी क्षेत्रसँगको सहकार्य र नीति उद्योगधन्दाको विकासलाई पनि जोड दिने भन्छ । निजी, सहकारी र सार्वजनिक क्षेत्रबीच सन्तुलित तथा पूरक विकासको मोडलमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको ठोस आधार तयार पार्ने उसको लक्ष्य छ ।

२०५२ सालदेखि १० वर्ष सशस्त्र युद्ध गरेर शान्ति प्रक्रिया हुँदै संसदीय राजनीतिमा आएको माओवादी केन्द्रसहित वाम घटक दल मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको हो । यो पार्टीले पटक-पटक सरकारको नेतृत्व गऱ्यो र पटक-पटक सरकारमा गएको छ । तर न राज्य नियन्त्रित अर्थ नीतिलाई व्यवहारमा लागू गराउन सकेको छ न उदार अर्थतन्त्रलाई स्वीकार गरेर अगाडि बढेको छ । यस्तो विरोधाभाष नीतिले नेपालले अपेक्षित गतिमा आर्थिक प्रगति गर्न सकेको छैन । नेकपा एमालेले

»» पृष्ठ २ मा

फरक मत नरुचाउने सञ्जाल

# पुरुषजति झोले महिला चरित्रहीन !

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १३ फागुन

कमेडी क्षेत्रकी चर्चित कलाकार हुन्, नविना सिलवाल (खुइली) । पर्दामा उनी जति राम्रो नाटक गर्छिन्, विचार पनि प्रष्टसँग राख्छिन् । पछिल्लो समय उनी चुनावी माहोलबारे निरन्तर भिडियो पोस्ट गरिरहेकी छन् । कुनैबेला उनका भिडियो मन पराउनेहरू नै अहिले उनीविरुद्ध खनिन थालेका छन् । खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहबारे आलोचनात्मक टिप्पणी गरेपछि सो पार्टीका समर्थकहरु गालीगलौचमा उत्रिएका छन् । 'म पनि कुनै बेला बालेनको उग्र समर्थक नै हो । बालेनजस्तो केटा पाए बिहे गर्थे भनेर गीत नै गाएको हो,' उनले एउटा भिडियोमा भनेकी छन्, 'अहिले केही आलोचना गर्दैमा कांग्रेस-एमालेका नेतासँग जोडेर गालीको वर्षा हुन्छ ।'

फरक विचार राख्ने पुरुषलाई झोले र महिलालाई अश्लिल गाली गर्ने गरिएको उनी बताउँछिन् । आफूलाई त्यसरी गाली गर्नेमा अधिकांश रास्वपाका समर्थक रहेको उनले बताइन् ।

पछिल्लो समय झापा-५ को चुनावप्रति धेरैको चासो छ । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको प्रतिस्पर्धाले देशैभर चुनावी चर्चा छ । खुइली आफैं पनि झापाकै मतदाता हुन् । त्यसैले त्यहाँको चुनावी माहोलबारे उनले भिडियोमार्फत खरो टिप्पणी गर्दै आएकी छन् । आफूलाई गाली र धम्कीको ओइरो लागेपछि खुइलीले सामाजिक सञ्जालमा लेखेकी छिन्, 'छोरा मान्छे भनेको छोरा मान्छे नै हो यार । त्यत्तिकै भनेको होइन रहेछ । हिजो छोरा मान्छे प्रधानमन्त्री हुँदा कहिल्यै कोहीसँग डराउनु पर्थेन । आज छोरी मान्छे प्रधानमन्त्री भएका बेला दिनदिनै डराएर हिँड्नुपरेको छ ।'



> निशा अधिकारी मात्रै होइन, ज्योति मगर, समीक्षाको कमेन्ट सेक्सन हेर्नुस् त । यी सबैको जड समाजको हुर्काइ र चेतको प्रतिफल हो । यो उधो मति भएको समाज कहिल्यै सुध्रिन्न ।
>
> **■ निर्मला ढकाल**
> **समाजशास्त्री**

राजनीतिक दलबारे आफ्नो विचार राख्दा पनि गालीगलौज, काट्ने, मार्ने धम्की आइरहेको उनको गुनासो छ । बाटोमा हिँड्दा पनि मास्क लगाएर नचिनिने भएर हिँडनुपरेको उल्लेख गर्दै उनी भन्छिन्, 'राजनीतिक दलका बारेमा प्रश्न राख्दा, आफ्नो विचार व्यक्त गर्न खोज्दा छोरी मान्छे किन असुरक्षित हुनुपर्ने ? गालीगलौज पाइराख्नुपर्ने किन ?'

उनी प्रतिनिधि पात्र हुन् । सामाजिक सञ्जालमा चुनावले अरुको विचार सुन्नै नसक्ने अराजकता बढाएको छ । प्रयोगकर्ताको अभिव्यक्ति स्वतन्त्रता खुम्चिएको छ । त्यसको सबैभन्दा ठुलो मारमा महिला उम्मेदवार, दलका नेता कार्यकर्ता र सञ्जाल प्रयोगकर्ता परेका छन् ।

गतिशील लोकतान्त्रिक पार्टीबाट काठमाडौं क्षेत्र नं. ५ को उम्मेदवार निशा अधिकारीलाई सामाजिक सञ्जालमा अपशब्दको ओइरो लागेको छ । सञ्चारमाध्यम, टेलिभिजन र चलचित्र क्षेत्रमा करिब दुई दशकदेखि सक्रिय अधिकारी यसअघि पनि पटकपटक साइबर हिंसाको सिकार भएकी थिइन् । अहिले प्रत्यक्ष राजनीतिमा आउँदासम्म त्यो रोकिएको छैन । उनी सामाजिक सञ्जालमा आफ्नो विचार सार्वजनिक गर्छिन्, योजना सुनाउँछिन्, सल्लाह माग्छिन् । त्यसको बदलामा उनीमाथि गालीको वर्षा हुन्छ ।

सामाजिक सञ्जालको विषय मात्रै होइन, महिला नेतृलाई भौतिक रूपमा समेत आक्रमणका प्रयास हुन थालेका छन् । त्यसको प्रत्यक्ष सिकार हुन्, नेकपा एमालेकी समानुपातिक उम्मेदवार शान्ता चौधरी । कम्लहरी पृष्ठभूमिबाट आएर उनी दुई पटक सांसद भइसकेकी छन् । जतिबेला उनी राम्ररी बोल्न जान्दैन थिइन्, मेकअप गेटअपमा खासै चासो दिँदैनथिइन् । त्यतिबेलासम्म उनले गाली सुन्नु परेन । जब

»» पृष्ठ २ मा

चुनावी विश्लेषण
मोरङ-६

# शेखरको जितमा विनोदको तगारो



**जीवन शर्मा/मध्यान्ह**
विराटनगर, १३ फागुन

नेपाली कांग्रेसका नेता डा शेखर कोइराला अघिल्लो चुनाव जितेर पनि पार्टी संसदीय दलको नेतामा प्रतिस्पर्धी भएनन् । बरु, उनले आफ्नै गुटका महामन्त्री गगन थापालाई सभापति शेरबहादुर देउवाविरुद्ध मैदानमा उतारे । त्यतिबेला शेखर र गगनबीच संसदीय दलको नेता गगन हुने र १५औं महाधिवेशनमा शेखर सभापति हुने भद्र सहमति भएको थियो । तर जेनजी आन्दोलनपछि विशेष महाधिवेशन गरेर गगन पार्टी सभापति निर्वाचित हुँदा शेखरले पार्टीको संस्थापन र इतर दुबै मोर्चाको नेतृत्व सम्हाल्न सकेनन् । अब उनी चुनाव जितेर संसदीय दलको नेता बन्ने बाटोमा छन् । त्यसका लागि सबैभन्दा पहिलो २१ फागुनमा हुने चुनावमा मोरङ निर्वाचन क्षेत्र नम्बर ६ बाट निर्वाचित हुनुपर्ने छ ।

कुनै बेला कांग्रेसको पकड रहेको यो क्षेत्रमा अहिले त्यस्तै प्रभाव भने छैन । यसपटकको चुनावमा कोइरालालाई नेकपा एमालेका विनोद ढकालले कडा टक्कर दिँदैछन् । रास्वपाका रूविना आचार्य र नेपाली कम्युनिस्ट पार्टीबाट ओपेन्द्र राय पनि चुनावी जितको दौडमा छन् । चुनावी मैदानमा दलीय र स्वतन्त्र गरी २० जना उम्मेदवार छन् । तीमध्ये चार मुख्य दलका नयाँ र पुराना अनुहारबीच मुख्य प्रतिस्पर्धा हुने आंकलन गरिएको छ ।

कोइराला २०७९ को निर्वाचनमा यही क्षेत्रबाट जितेका नेता हुन । २०७४ मा वाम गठबन्धनका तर्फबाट एमालेका लालबाबु पण्डितले उनलाई पराजित गरेका थिए । तर, २०७९ मा भने चुनावी समीकरणमा परिवर्तन भयो । त्यससँगै कांग्रेस, माओवादी केन्द्र र एमालेबाटै विभाजित एकीकृत समाजवादी मिलेर चुनावी तालमेल हुँदा नेता कोइरालाले सहज जित हासिल गरेका थिए । कोइराला ३५ हजार २२४ मतसहित विजयी हुँदा एमालेका लालबाबु पण्डितले २२ हजार ९४६ मत प्राप्त गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका यादवकुमार प्रधान ९ हजार १४० मतसहित तेस्रो बनेका थिए । समानुपातिकतर्फ भने कांग्रेसले २३ हजार ७१०, एमालेले १९ हजार ३८९ र रास्वपाले ११ हजार ५२६ मत प्राप्त गरेका थिए । त्यस्तै, राप्रपाले १० हजार

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# जापान रोजगारीको मूलढोका खुल्यो : व्यवसायी

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
टोकियो, जापान, १३ फागुन

जापानको टोकियोमा नेपाल-जापान दोस्रो रोजगार सम्मेलनमा जापानी रोजगारदाताको उल्लेख्य सहभागिता भएपछि नेपालका वैदेशिक रोजगार व्यवसायी उत्साहित भएका छन् । मंगलबार सम्पन्न दोस्रो नेपाल-जापान रोजगार सम्मेलनको उद्घाटन गर्न जापानी मन्त्रिपरिषद्का प्रधानमन्त्रीपछि वरिष्ठतम् हैसियतमा रहेका जापानका न्यायमन्त्री हिरोशी हिरागुची नै उपस्थित भए । साथमा साढे ६ सयभन्दा बढी जापानी रोजगारदाता, नेपालबाट गएका र जापानमा रहेका गरी ९५ जना व्यवसायीको उत्साहजनक सहभागिता भएपछि नेपाली व्यवसायी बढी उत्साहित भएको रोजगार सम्मेलनमा सहभागी भई नेपाल फर्केका नेपाल वैदेशिक रोगजगार व्यवसायी संघका पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालले मध्यान्ह दैनिकलाई जानकारी दिए । पूर्वअध्यक्ष कटुवाल संघको तर्फबाट रोजगार सम्मेलनका सह संयोजकसमेत हुन् ।

जापानका न्यायमन्त्री हिरागुजीले कामका लागि आउने नेपाली श्रमिकका लागि सबै किसिमका सहयोग गर्न जापान तयार



रहेको प्रतिबद्धता जनाउनुलाई पनि उपलब्धिका रूपमा हेरिएको छ ।

सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा

»» पृष्ठ २ मा

## म्यानमारमा पक्राउ परेका १८ नेपालीलाई आममाफी दिने संकेत

**काठमाडौं/मस-** परराष्ट्र मन्त्रालयले अनलाइन स्क्यामिङमा पक्राउ परेका १८ नेपाली कैदीलाई म्यानमारले आममाफी दिन सकारात्मक संकेत दिएको बताएको छ । सिंहदरबारमा बुधबार आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयको दक्षिणपूर्वी एसिया तथा प्रशान्त क्षेत्र महाशाखा प्रमुख प्रकाश अधिकारीले अवैध रुपमा म्यानमार पुऱ्याइएका नेपालीहरूलाई आममाफी दिन सकारात्मक देखिएको बताए ।

म्यानमारले अनलाइन स्क्यामिङ केन्द्रमा काममा लगाइएका १८ जना नेपालीलाई पक्राउ

»» पृष्ठ २ मा

मतदान किन गर्ने?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# एक लाख ८६ हजार अस्थायी मतदाता कायम

**काठमाडौं/मस**–आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ८६ हजार अस्थायी मतदाता कायम भएका छन् । यी मतदाताले समानुपातिक निर्वाचन प्रणालीतर्फ तोकिएको मतदानस्थलमा मतदान गर्न पाउनेछन् ।

मतदाता सूचीमा नाम समावेश भएका तर निर्वाचनमा खटिएका वा अन्य कारणले निर्धारित मतदानस्थलमा जान नसक्नेहरुलाई अस्थायी मतदाता सूचीमा समावेश गर्ने व्यवस्था छ ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्वमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारका थुनुवा र कैदी, निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश छ ।

ती अस्थायी मतदाताका लागि १ सय ४३ मतदानस्थल निर्धारण गरिएको



निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले बताए ।

निर्वाचनका दिन पर्यटक वाहक सवारीका निम्ति अनुमति लिनुपर्ने

प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन पर्यटकको आवागमनका लागि कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनका लागि सवारी साधन सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

निर्वाचन आयोगले जारी गरेको 'सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२' मा निर्वाचनका दिन कुनै पनि राष्ट्रिय वा अन्तर ाष्ट्रिय हवाइ उडान नरोकिने भएकाले पर्यटकका सवारी साधन सञ्चालनका लागि अनुमतिको व्यवस्था गरिएको हो । सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौंमा आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनका लागि सवारी साधन सञ्चालन गर्न सकिने व्यवस्था गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

यस्तै राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन कार्यविधिमा व्यवस्था गरिएको छ । साथै अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारी साधन अनुमित लिएर प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

# गृह मन्त्रालयमा दैनिक निर्वाचनसम्बन्धी सुरक्षा समीक्षा

**काठमाडौं/मस**–गृह मन्त्रालयले आसन्न प्रतिनिधिसभाको निर्वाचन(फागुन २१ गते) लाई केन्द्रित गरेर सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउन दैनिक निर्वाचन सुरक्षासम्बन्धी समीक्षा गरिरहेको छ ।

केन्द्रीय सुरक्षा समितिका अध्यक्ष एवं गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा भइहरेको केन्द्रीय सुरक्षा समितिको बैठकमा निर्वाचनसँग सम्बन्धित दैनिक गतिविधिको समीक्षा र रणनीति तथा जनशक्ति परिचानलका साथै जिल्ला समन्वयको कामलाई प्रभावकारी बनाइएको छ ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय सुरक्षा परिषद्, गृहमन्त्रीको अध्यक्षमा रहेको केन्द्रीय सुरक्षा समिति, प्रदेश प्रमुख सचिवको अध्यक्षतामा रहने प्रदेश सुरक्षा कमाण्ड पोष्ट, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समितिमा चारवटै सुरक्षा निकायका प्रमुख रहनेगरी बनेको संयन्त्रले प्रत्येक दिन स्थानीयदेखि केन्द्रसम्मको वस्तुस्थिति, सूचना,



निर्वाचनसम्बन्धी गतिविधिलाई सुक्ष्म विश्लेषणसहित नियमन गरिरहेको छ ।

सुरक्षालाई चुस्त राख्न हरेक दिन गृहमन्त्री र सुरक्षाको टिम निरन्तर सक्रिय रहेको छ । निर्वाचन सुरक्षा रणनीतिअन्तर्गत निर्वाचन अघि निर्वाचनको अवधिमा र निर्वाचनपश्चात् मतपत्रको ढुवानी, परिणाम घोषणासम्मका कार्यलाई व्यवस्थित र सुरक्षित बनाउन प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ अन्तर्गत रही कार्य गरिरहेको मन्त्रालयले जनाएको छ ।

यसैबीच, गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा आज बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण तवरले सम्पन्न गर्न निर्वाचन सुरक्षालाई थप सुदृढ र प्रभावकारी बनाउने निर्णय गरेको छ । बैठकमा मन्त्री अर्यालले निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउन सबै सुरक्षा निकायले आपसी समन्वय गरी त्रुटिरहित सुरक्षा व्यवस्थापन गर्नेगरी कार्य गर्न निर्देशन दिए ।

बैठकमा चारवटै सुरक्षा निकायका उच्च पदाधिकारीहरूको उपस्थिति थियो ।

# होलीमा 'जोगिरा' सुनिन छाड्यो, संस्कृतिप्रेमीहरू चिन्तित

**धनुषा/रासस**–वसन्त ऋतुको आगमनसँगै मिथिलाञ्चलका गाउँटोलमा गुञ्जिने होलीको सुमधुर धुन यतिबेला सुनिन छाडेको छ । श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म घरआँगन, चोक र गल्लीहरूमा जोगिरा गाउने युवापुस्ता विदेश पलायन हुँदा परम्परा लोप हुने चिन्तामा स्थानीय संस्कृतिप्रेमीहरू छन् ।

'कौन ताल पर ढोलक बाजे, कौन ताल मृदङ्ग... जोगीरा सररर'

यस्ता प्रेम, हास्य र सद्भावले भरिएका गीतले पहिले मिथिलाको होलीलाई जीवन्त बनाउँथे । होलीका अवसरमा गाइने यी विशेष गीतलाई 'जोगिरा' भनिन्छ ।

संस्कृतिविद् किशोरी साहका अनुसार जोगिराले होली खेल्नेहरूबीच माया, सद्भाव र उत्साहको सन्देश प्रवाह गर्दछ । उनले भने, 'होली र संगीतबीच गहिरो सम्बन्ध छ । संगीतबिना होलीको परिकल्पना गर्न सकिँदैन । होलीले मनभित्रका कुण्ठित भावनालाई समेत शुद्ध पार्ने विश्वास रहिआएको छ ।'

मिथिला नगरपालिका-२ नक्टाझिजका ७२ वर्षीय रामपृत महतोले विगत सम्झँदै भने, 'पहिला वसन्त पञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँगाउँ घुमेर जोगिरा गाइन्थ्यो । अहिले ढोल, मृदंग केही बज्दैँनन्, फागुका गीत पनि सुनिदैँन ।' उहाँका अनुसार जोगिरा गाउने पुस्ता क्रमशः घट्दै गएकाले परम्परा संकटमा परेको छ ।

क्षीरेश्वरनाथ विदेश पलायन हुनु,



संस्कृति हस्तान्तरण हुन नसक्नुलगायत कारणले मौलिक परम्परा लोप हुने जोखिम बढेको बताए ।

'यसपालिको होली नजिक आइपुग्यो, तर न जोगिराको स्वर सुनिन्छ, न बाजाको ताल', उनले भने, 'पुराना परम्परा जानेका, बुझेका साथीहरू धेरै बित्नुभयो, हामी पनि उमेरले थलिएका छौं । गाउने रहर अझै छ, तर साथ दिने युवा छैनन् ।' हरिहरपुरका ७० वर्षीय रामसुन्दर महतोले जोगिराको पुरानो शैली स्मरण गर्दै सुनाए ।

*किनका के हाथ कनक पिचकारी,*
*किनका के हाथ अबीर झोरी ?*
*रामजी के हाथ कनक पिचकारी,*
*सियाजी के हाथ अबीर झोरी...*
*जोगिरा सररर...*

यस्ता पौराणिक प्रसंग भक्ति, प्रेम र ख्यालठट्टाले भरिएका मैथिली जोगिरा अब विरलै मात्र सुनिन थालेका छन् । पुराना होलियाहरूका अनुसार जोगिराले सामाजिक भेद्भाव मेट्दै समानता र सद्भावको सन्देश दिन्थ्यो । तर अहिले 'डिजे' संस्कृतिको प्रभाव बढ्दै जाँदा मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्णले बताए ।

मिथिलाञ्चलमा वसन्त पञ्चमीदेखि सुरु हुने होलीगीत मिथिला माध्यमिकी परिक्रमासँग जोडिएको सांस्कृतिक परम्पराको हिस्सा पनि हो । धार्मिक मान्यताअनुसार फाल्गुण शुक्ल पूर्णिमाको रात होलिका दहन गरी भोलिपल्ट रङ खेल्ने परम्परा रहिआएको छ । जोगिराले धार्मिक, सांस्कृतिक तथा सामाजिक एकताको सेतुको भूमिका खेल्ने गरेको जानकारहरू बताउँछन् ।

जनकपुरधाम-१२ का सतीशलाल कर्णले भने, 'पहिलाका होली गीतमा धार्मिकता, जीवनको उमंग र सांस्कृतिक प्रकाश झल्किन्थ्यो । अहिले भने उच्छृंखल गीतले स्थान लिएको छ ।'

हरिहरपुरका रामलाल महतोका अनुसार आपसी रागद्वेष र सामाजिक विखण्डनले पनि जोगिरा परम्परा कमजोर बनाएको छ । सखुवा बजारका सत्यनारायण सिंहले स्मरण गर्दै भने, 'पहिले राति चोकमा भेला भएर झ्याल, मृदङ्ग, ढोल र डम्फा बजाउँदै समूहगत रूपमा जोगिरा गाइन्थ्यो । अहिले त्यो दृश्य देख्न पाइँदैन ।' वैदेशिक रोजगारीका कारण युवा पुस्ता बाहिरिनु पनि यसको अर्को कारण मानिएको छ ।

संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीका अनुसार ग्रामीण क्षेत्रका होली गीतमा स्थानीय माटोको सुगन्ध र मौलिकता झल्किन्थ्यो ।

साहित्यकार तथा संस्कृतिविद् डा राजेन्द्र विमलले जोगिरा संरक्षणका लागि सामूहिक पहल आवश्यक रहेको बताए ।

यसैबीच, जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद् (मिनाप) ले पछिल्ला वर्षहरूमा जोगिरा प्रतियोगिता आयोजना गर्दै संरक्षणको प्रयास गरिरहेको छ । यद्यपि, परम्परागत जोगिराको मौलिकता जोगाउन राज्य, स्थानीय तह र समुदाय सबैको सक्रिय चासो आवश्यक रहेको संस्कृति प्रेमीहरूको धारणा छ ।

# प्रस्तावित धरान विमानस्थल क्षेत्रको रोक्का जग्गा फुकुवा

**सुनसरी/मस**–धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा विमानस्थल निर्माण गर्ने भन्दै दुई वर्षदेखि रोक्का गरिएको जग्गा फुकुवा गरिएको छ ।

धरान उपमहानगरपालिकाका पूर्व नगर प्रमुख हर्कराज राई (साम्पाङ) ले २०८० भदौ ११ गते विमानस्थल निर्माण गर्ने भन्दै सो क्षेत्रको जग्गा बिक्री वितरण सिफारिस रोक्ने निर्णय गरेका थिए । उक्त निर्णयका कारण धरान उपमहानगरपालिका-१७ डाँडाघोपामा करिब एक हजार बढी घरपरिवारको जग्गा रोक्का गरिएको थियो । धरान उपमहानगरपालिकाका कार्यवाहक नगर प्रमुख अइन्द्र विक्रम बेघाका अनुसार स्थानीय जग्गाधनीको निवेदनपछि यति इन्कर्पोरेट प्रालिको नाममा रहेको जग्गाबाहेक अन्य जग्गाको रोक्का मंगलबारदेखि फुकुवा गरिएको छ । फुकुवासम्बन्धी निर्णय वडा नं १७ कार्यालय, मालपोत तथा नापी कार्यालयमा पठाइसकिएको कार्यवाहक नगर प्रमुख बेघाले जानकारी दिए ।

डाँडाघोपामा करिब २२ वर्षअघि यति इन्कर्पोरेटले विमानस्थल निर्माण गर्ने योजनासहित करिब सात बिघा जग्गा खरिद गरेको थियो । निजी कम्पनीले विमानस्थल निर्माण गर्न पाउने स्पष्ट कानुनी व्यवस्था नरहेकाले विमानस्थल निर्माण अघि बढ्न सकेको थिएन । विमानस्थलका लागि सस्तो मूल्यमा जग्गा बिक्री गरेका स्थानीयले विमानस्थल नबन्ने भएपछि आफ्नो जग्गा फिर्ता हुनुपर्ने माग गर्दै आएका थिए । २२ वर्षअघि यति इन्कर्पोरेटले विमानस्थल निर्माण गर्ने योजनासहित करिब २९ घरपरिवारसँग प्रतिकट्ठा २८ हजारदेखि ३२ हजारसम्ममा जग्गा खरिद गरेको थियो ।

विमानस्थल निर्माणको सम्भाव्यता अध्ययनका क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरणले प्राविधिक रूपमा डाँडाघोपामा विमानस्थल निर्माण उपयुक्त नहुने निष्कर्ष निकालेपछि सो परियोजना अन्योलमा परेको थियो । पछिल्लो समय तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको निर्देशनमा पुनः अध्ययन प्रक्रिया अघि बढाइएको थियो ।

प्राधिकरणले २०८० कात्तिक २३ गते प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा वरिष्ठ कानुन अधिकृत विमल खनाल र चार्टर्ड एकाउण्टेन्ट अनिल बस्नेत सदस्य रहेको तीन सदस्यीय टोली गठन गरी अध्ययन थालेको थियो । उक्त टोलीले २०८० मंसिर २१ गते प्रस्तावित विमानस्थल क्षेत्रको स्थलगत अध्ययन गरेको थियो ।

## दोधारे...

तीन खम्बे मिश्रित अर्थतन्त्रको वकालत गर्दै आएको छ । यसपटकको घोषणापत्रमा औद्योगिक विकास, रोजगारी, उत्पादन-आधारित अर्थतन्त्र र ऊर्जा/बुनियादी संरचना लाई प्राथमिकता दिएको छ । उसको घोषणापत्रमा औद्योगिक विस्तार र उत्पादन-आधारित नीति निर्देशनलाई रोजगारी र समृद्धि लक्ष्यसँग जोडेर प्रस्तुत गरिएको छ । राज्य नियन्त्रिण अर्थनीति र निजी क्षेत्रको संरक्षण दुवैको नीतिलाई यो दलले पनि अंगीकार गरेको देखिन्छ ।

कांग्रेस भने पार्टीले औद्योगिक क्षेत्र विस्तार, उत्पादन-आधारित अर्थतन्त्र र रोजगारी सिर्जनाबारे प्रष्ट छ । कांग्रेसले उदार अर्थ व्यवस्थाकै वकालत गरेको छ । औद्योगिक विस्तारका लागि राज्य संरचना प्रयोग गर्ने, औद्योगिक क्षेत्र/क्षमता विकास गर्न नीति क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएको छ ।

## पुरुषजति...

उनले समाज र राजनीति बुझिन्, आफ्नो विचार व्यक्त गर्न थालिन्, उनीमाथि साइबर हमला हुन थाल्यो । साइबर हमला मात्रै हाइन, उनीमाथि भौतिक आक्रमणको प्रयास समेत गरियो । एमालेको प्रचारप्रसारमा सक्रिय रहँदा घरमै गएर केही युवाहरूले तथानाम गाली गरेको भिडियो अहिले भाइरल भएको छ ।

फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । कुनै दल वा उम्मेदवारबारे सामाजिक सञ्जालमा खुलेरै समर्थन वा विरोध हुन थालेको छ । त्यस्तोमा अपशब्द र लाञ्छनाजन्य गालीगलौजको सिकार भने महिला धेरै भइरहेका छन् । समाजशास्त्री निर्मला ढकाल अरुलाई अनावश्यक धम्की दिने व्यक्तिले बिर्सन नसक्ने गरी फोटो/म्यासेज हाल्ने अभ्यास उपयुक्त रहेको बताउँछिन् । कानुनभन्दा पहिले समाजले यस्ता अपराधीलाई चिन्नुपर्ने उल्लेख गर्दै उनी भन्छिन्, 'निशा अधिकारी मात्रै होइन, ज्योति मगर, समीक्षाको कमेन्ट सेक्सन हेर्नुस् त । यी सबैको जड समाजको हुर्काइ र चेतको प्रतिफल हो । यो उधो मति भएको समाज कहिले सुध्रन्न ।'

यति हुँदा पनि साइबर ब्युरोमा भने खासै उजुरी परेका छैनन् । महिला नेतृहरू डिजिटल हिंसामा परिरहँदा पनि उजुरी नआएको साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थी बताउँछन् । 'अहिलेसम्म उजुरी परेको छैन, उजुरी परेको खण्डमा हामी न्याय दिलाउँछौं,' उनले भने, 'त्यसबाहेक अन्य सर्वसाधारणका उजुरीहरू प्रशस्तै छन् ।'

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगले माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता टिप्पणी गर्न वा गराउन नहुने भनिएको छ । कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने पनि आचारसंहितामा उल्लेख छ ।

महिला उम्मेदवारलाई अश्लील वा घृणित टिप्पणी गर्दा आचारसंहिताको उल्लंघन हुन्छ । उजुरी दिइने माध्यमहरूमा लिखित, मौखिक, सामाजिक सञ्जाल वा विद्युतीय माध्यमहरू समावेश छन् । आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीसमक्ष उजुरी दिन सकिन्छ ।

आचारसंहिता उल्लंघन गर्नेलाई १ लाख रुपैयाँसम्म जरिवाना, उम्मेदवार भए उम्मेदवारी रद्द र निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही हुने व्यवस्था छ । निर्वाचन आयोगका सुचना अधिकारी सुमन घिमिरे एआई र सामाजिक सञ्जालको प्रयोगले नकारात्मकता बढेको बताउँछन् । आयोगले आचारसंहिताविपरीत हुने गतिविधि नियन्त्रण गर्न संयन्त्रसहित काम गरिरहेको उनको दाबी छ ।

यसबीच चरित्रहत्यासम्बन्धी एकादुई उजुरी आयोगमा आएको उल्लेख गर्दै घिमिरे दोषपूर्ण अभिव्यक्ति दिनेलाई कानुनी कारबाही हुने बताउँछन् । 'आचारसंहिता उल्लंघन गर्नेले स्पष्टीकरण दिनुपर्नेछ, चित्तबुझ्दो जवाफ नआए कारबाही पनि हुनेछ' उनले भने ।

## शेखर...

६४१, माओवादी केन्द्रले ८ हजार १८५ मत प्राप्त गरेका थिए । निर्वाचन आउन एक साता बाँकी छँदा कोइरालाको मुख्य प्रतिस्पर्धा एमालेका विनोद ढकालसँग हुने देखिन्छ । उनी २०७९ को निर्वाचनमा मोरङ ४ बाट उठेका थिए । उनलाई तत्कालीन माओवादी केन्द्रका अमनलाल मोदीले पराजित गरेका थिए ।

मोरङ ६ मा यस पटक १ लाख ३७ हजार ८३२ जना मतदाता छन् । यस पटक चार पक्षिय प्रतिष्पर्धा हुँदा चुनाव जित्न झण्डै ३० हजार हाराहारी मत चाहिने अनुमान छ । मधेस र कोशीका अरु जिल्लाको तुलनामा मोरङमा रास्वपाको लहर केही कम देखिन्छ । त्यसैले कांग्रेस-एमालेबीच नै मुख्य प्रतिस्पर्धा हुने ठानिएको हो । तर, रास्वपाको माहोल बढ्ने चिन्ता भने ती दलमा देखिन्छ । त्यसो हुँदा कस्ले बाजी मार्छ भन्ने अहिले नै भन्न सकिने स्थिति छैन । कांग्रेस उम्मेदवार कोइरालाले अघि सारेको एजेन्डा र उनको गतिशीलतालाई कांग्रेसले जितको आधार मानेको छ ।

कोइराला र एमालेका विनोद ढकालबीच यो दोस्रो चुनावी भेट हो । यसअघि २०६५ को उपनिर्वाचनमा यी दुई उम्मेदवार थिए । त्यतिबेला कोइरालाले चुनाव जितेका थिए । यसपटक आफूले जित्ने वातावरण बनेको एमालेका उम्मेदवार ढकाल बताउँछन् । त्यसो त, रास्वपाका उम्मेदवार रुबिना आचार्य र नेकपाका ओपेन्द्र रायले पनि मुख्य प्रतिस्पर्धामा पुगेर चुनाव जित्ने आस गरेका छन् ।

रोचक के छ भने, २०४८ यता भएका सबै निर्वाचनमा मोरङका मतदाताले मत बदल्दै आएका छन् । त्यसैले यसपटक उनीहरुको अभिमत कता जान्छ भन्न सकिने स्थिति छैन । २०४८ सालमा मोरङ- ६ बाट नेपाली कांग्रेसका श्यामलाल तबदार विजयी हुँदा त्यसको तीन वर्षपछि भएको २०५१ सालको मध्यावधि निर्वाचनमा एमालेका गुरू बराल निर्वाचित भए । २०५६ को निर्वाचनमा कांग्रेसका हरिनारायण चौधरीले एमालेका गुरू बराललाई पराजित गरे ।

२०६४ को पहिलो संविधानसभा निर्वाचनमा मोरङ-६ मा मधेसी जनअधिकार फोरमका विजयकुमार गच्छदार विजयी भएका थिए । त्यसबेला कांग्रेसका शेखर कोइराला पराजित भएका थिए । नेपाली कांग्रेस छाडेर मधेसी आन्दोलनको पक्षमा उभिएका नेता गच्छेदारले दुई निर्वाचन क्षेत्रबाट जितेपछि मोरङ-७ छाड्दा २०६५ मा उपनिर्वाचन भयो । उपनिर्वाचनमा कांग्रेसका शेखर कोइराला जित निकाले । उक्त उपनिर्वाचनमा कोइरालासँग एमालेका नेता विनोद ढकाल प्रतिस्पर्धामा थिए । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि कांग्रेसकै कोइरालाले जितेका थिए । संविधान बनेपछि भने कांग्रेस र एमालेले पालैपालो चुनाव जित्दैआएको छ । रास्वपा र नेकपाको माहोल अहिलै स्थितिमा रहे यसपटक पनि कांग्रेस र एमालेबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिएको छ ।

## जापानको...

मन्त्रालयका सचिव डा. दीपक काफ्ले, जापानका लागि नेपाली कार्यवाहक राजदूत हरिहरकान्त पौडेल, वैदेशिक रोजगार व्यवसायी र जापानी न्यायमन्त्रीको साइडलाइन छलफल समेत भएको थियो ।

जापानी न्याय मन्त्रालयले विदेशी कामदारको आवागमन जोडिएको अध्यागमन नियन्त्रण, आप्रवासन र नागरिकता, भिसा प्रदान, निर्वासन र शरणार्थी मान्यता ह्यान्डल र अध्यागमन सेवा एजेन्सीहरूको निरीक्षण गर्ने गर्दछ । उक्त मन्त्रालयका मन्त्री नै सम्मेलनमा सक्रियतापूर्वक सहभागी भएपछि नेपाली पक्षलाई आफ्नो तर्फका कुरा राख्न सहज भएको अनुभव पनि पूर्वअध्यक्ष कटुवालले सुनाए ।

हाल जापानले १९ वटा क्षेत्रमा विदेशी कामदार ल्याएको छ । जापानी रोजगारदाताहरूले विदेशी कामदारको जापानी भाषा र सीपलाई अत्यन्तै प्राथमिकतामा राख्ने गरेका छन् । पूर्वअध्यक्ष कटुवालले रोजगार सम्मेलनले आगामी १० वर्षका लागि जापानी श्रम बजारमा नेपाली कामदारका लागि अवसरको ढोका खोलेको र नेपाली व्यवसायीले जापानी स्ट्यान्डर्ड अनुसार जापानको सिस्टमलाई अक्षरस पालना गरी जापानी भाषा र सीप सिकाएर कामदार पठाउने विषयमा कठोर परिश्रम गर्नपर्ने बताए । 'मलेसिया र खाडी मुलुकमा जस्तो सजिलोसँग कामदार पठाउन सकिँदैन,' उनले भने, 'व्यवसायीहरूले जापानी स्ट्यान्डर्ड अनुसार आफ्नो दक्षता बढाउन जरुरी छ ।'

सम्मेलनमा नेपाली कामदारको सीप भर्ना प्रक्रियालगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गरेका संघका महासचिव महेशकुमार बस्नेतले दुवै मुलुकका उच्चस्तरीय प्रतिनिधिमण्डल र नेपाली निजी क्षेत्रका व्यवसायीबीच प्रत्यक्ष छलफल हुनुलाई उपलब्धिमूलक मानेको बताए ।

महासचिव बस्नेतले पनि नेपाली श्रमिकको भाषा दक्षता र सीप बढाएर पठाउने विषयका अतिरिक्त रोजगारदाता नेपाली राजदूतावाससँग प्रत्यक्ष छलफल सम्मेलनको मुख्य विषय भएको भन्दै संस्थागत रूपमा कामदार पठाउने विषयमा नयाँ ढोका नै खोलेको बताए ।

ठुलो संख्यामा सहभागी नेपाली व्यवसायीले रोजगारदाताहरूसँग प्रत्यक्ष सम्पर्क कायम गर्न पाएको घटनाले जापानसँग द्विपक्षीय सम्बन्ध मात्रै नभएर श्रम सम्बन्ध पनि बलियो बनाएको उनको भनाइ छ ।

संघको तर्फबाट नेपाल-जापान रिक्रुटमेन्ट डेस्क स्थापनाका लागि जोड दिएको थियो । डेस्कले दुबै देशका नीतिगत सुधार र संवादलाई निरन्तरता दिई समस्या र सम्भावनामा जिम्मेवार भूमिका निभाउने र जापानसँगको संस्थागत सहकार्यलाई संस्थागत रूप दिने अवस्था बनेको पनि महासचिव बस्नेतले उल्लेख गरे । उनले व्यक्तिगत रूपमा असुरक्षित तरिकाबाट जाने प्रवृत्ति रोकेर संस्थागत रूपमा पठाउनुपर्ने विषयलाई पनि सम्मेलनले जोड दिएको टिप्पणी गरे ।

पूर्वअध्यक्ष कटुवालले हाल जापानले १९ वटा क्षेत्रमा दक्ष विदेशी कामदार लैजाँदा नेपालबाट केयर गिभर, कृषि, निर्माण, सेवासहित आठ वटा क्षेत्रबाट जाने कामदारको मात्रै सीप परीक्षा हुने भएकाले बाँकी ११ क्षेत्रको रोजगारीमा सीपको परीक्षा पनि नेपालमा नै हुने व्यवस्था गर्ने विषय पनि छलफलमा उठेकाले त्यसलाई पनि सकारात्मक रूपमा लिनुपर्ने बताए ।

नेपाल-जापानबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवको रापताप र पृष्ठभूमिमा आयोजना गरिएको रोजगार सम्मेलन समय सन्दर्भका दृष्टिकोणले समेत लाभदाय भएको कतिपय व्यवसायीहरूले टिप्पणी गरे ।

सम्मेलनमा सहभागी जापानी रोजगारदाताले नेपालबाट छिटो र पारदर्शी रूपमा श्रमिक ल्याउन चाहेको बताएका छन् । नेपाली श्रमिक इमान्दार र परिश्रमी रहेकाले ल्याउन खोजेको जापानको रोजगारदाता संघका निर्देशक तेत्सुहितो सुगिमुराको भनाइ थियो । भर्ना प्रक्रिया पारदर्शी बनाउन र इच्छुक नेपाली श्रमिकलाई जापानीसरह सहयोग गर्न तयार रहेको जापानी न्यायमन्त्रीले प्रतिबद्धता जनाएका छन् ।

संघको प्रतिनिधिमण्डलले मागपत्र प्रमाणीकरण सरलीकरण गर्न जापानस्थित नेपाली राजदूतावासको ध्यानाकर्षण गराएको छ । नेपाली राजदूतावास टोकियोका कार्यवाहक राजदूत हरिहरकान्त पौडेललाई भेटेर लामो समयदेखि समाधान नभएको मागपत्र प्रमाणीकरण समस्याले पारेको समस्याबारे छलफल गरेको थियो । कार्यवाहक राजदूत पौडेलसँग सौहार्दपूर्ण रूपमा छलफल हुनुलाई पनि व्यवसायीहरूले उपलब्धिका रूपमा लिएका छन् ।

## म्यानमारमा...

गरी एक वर्ष कैद सजाय सुनाएपछि त्रास फैलिएको थियो । अधिकारीले म्यानमारका लागि नेपालका राजदूतसँग सम्पर्क गरी म्यानमारका उपविदेशमन्त्री र गृहमन्त्रीसँग भेटघाट गर्दा आममाफी दिन सकारात्मक रहेको जवाफ प्राप्त भएको बताए ।

# एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षा व्यवस्थापन गर्दै सेना

**काठमाडौं/मस–** नेपाली सेनाले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन पूर्व, निर्वाचनका बेला र निर्वाचनपश्चात् गरी तीन चरणमा सुरक्षा व्यवस्थापनको भरपर्दो प्रबन्ध गरेको छ ।

राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णय तथा राष्ट्रपतिबाट स्वीकृति प्राप्त भएपछि निर्वाचन सुरक्षाका लागि परिचालन भएको नेपाली सेनाले विगतमा जस्तै यसपटक पनि सुरक्षा व्यवस्थाको योजना बनाएको छ ।

सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार निर्वाचन केन्द्रित तालिम तथा संयुक्त अभ्यास सञ्चालन गरी आवश्यक तयारी पूरा भइसकेको छ । यसबीचमा सेनाले मतपत्र छपाइ सुरक्षाको जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ ।



बुधबारसम्म ७५ वटा जिल्लामा निर्वाचन सामग्री ढुवानी भइसकेको र बिहीबारसम्ममा सबै जिल्लामा मतपत्र ढुवानी भइसक्ने निर्वाचन आयोगले जनाएको छ। भौगोलिक अवस्थाअनुसार पाँच जिल्लामा हवाई माध्यमबाट र अन्य जिल्लामा स्थल मार्गबाट मतपत्र ढुवानी गरिएको हो ।

सेनाले २०४८ साल यताका सबै निर्वाचनमा मतपत्र छपाइस्थलको सुरक्षा, काठमाडौंबाट देशका सबै जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी गर्दै आएको छ ।

निर्वाचनको दौरान तेस्रो घेरामा रही सुरक्षा प्रदान गर्नुका साथै निर्वाचन सम्पन्न भएपश्चात् अन्य सुरक्षा निकाय, निर्वाचन अधिकृतलगायत दलका प्रतिनिधिसहितको एकीकृत टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई मतगणना स्थलसम्म पुऱ्याउने काम हुँदै आएको छ ।

मत गणनाको समयमा सेनाले गणनास्थलको बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्दै आइरहेको छ। आसन्न निर्वाचनलाई सुरक्षित, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गराउन विगत जस्तै सेनालगायत अन्य सुरक्षा निकाय परिचालित भएका सैनिक प्रवक्ता बस्नेतले स्पष्ट पारे ।

एकीकृत सुरक्षा योजनाअनुसार सेनाले निर्वाचनका दौरान मतदान केन्द्र तथा मतगणना स्थलको सुरक्षा, हवाई गस्ती, शङ्कास्पद वस्तु निष्क्रिय पार्नेलगायत कार्य गर्नेछ। सुरक्षा व्यवस्थाको तेस्रो घेरामा रही आवश्यकताअनुसार विभिन्न साधनमार्फत थप फौज समेत परिचालन गरी जुनसुकै सुरक्षा घेरामा खटिइ निर्वाचनलाई सुरक्षित वातावारण तयार गरिने सेनाले जनाएको छ।

निर्वाचन सुरक्षालाई थप सुदृढ बनाउन स्थानीय प्रशासन र सम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी देशभर विभिन्न स्थानमा बेस स्थापना गरी नियमित गस्ती भइरहेको छ ।

भौगोलिक विकट स्थानमा सडक तथा बाटोमा जमेका हिउँ पन्छाएर बाटो खुलाई निर्वाचन सामग्री ढुवानी, व्यवस्थापन एवं आम जनमानसको सहजताको लागि सहयोग प्रदान गरिरहेको सेनाले जनाएको छ । कारागार, विमानस्थल तथा सरकारी कार्यालयसहित अन्य सुरक्षा निकायले सुरक्षा प्रदान गरिरहेका ११६ महत्वपूर्ण संरचनाको सुरक्षाका लागि समेत सेना खटिएको छ ।

निर्वाचन सुरक्षासम्बन्धी गतिविधिको केन्द्रीय र स्थानीय तहबाट निरन्तर अनुगमन भइरहेको सेनाले जनाएको छ । सो क्रममा प्रधानसेनापति अशोकराज सिग्देलले विभिन्न कमान्ड सेन्टर तथा फिल्डमा खटिएका फौजको निरीक्षण गर्दै आवश्यक निर्देशन दिँदै आएका छन् ।

सैनिक प्रवक्ता बस्नेतले निर्वाचन आचारसंहिता तथा मानवअधिकारको पूर्णपालना गर्दै सरकार, निर्वाचन आयोग, स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायसँग समन्वय गरी एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षा गर्न सेना पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए ।

संयुक्त राष्ट्र संघको आह्वान विश्व शान्ति स्थापना कार्यमा विश्वसनीय र भरपर्दो शान्ति सैनिकको पहिचान बनाएको सेनासँग विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न सहयोगी भूमिका निर्वाह गरेको अनुभव रहेको छ ।

सरकारको दृढ प्रतिबद्धता र सेनालगायत अन्य सुरक्षा निकायको सक्रिय परिचालनले यस पटकको प्रतिनिधिसभा निर्वाचन सुरक्षित र शान्तिपूर्ण वातावरणमा सम्पन्न हुने अपेक्षा गरिएको सेनाले जनाएको छ ।

# निर्वाचनका बेला स्वास्थ्य सेवा निरन्तर राख्न मन्त्रालयको उच्च सतर्कता

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको समयमा स्वास्थ्य सेवा निरन्तर राख्न उच्च सतर्कता अपनाएको छ ।

निर्वाचनअघि विभिन्न राजनीतिक गतिविधि तीव्र बन्दै जाँदा हुने सम्भावित झडप र सडक अवरोधलाई मध्यनजर गर्दै मन्त्रालयले आवश्यक पूर्वतयारी गरेको हो ।



मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले चुनावी आमसभा, भेला, घरदैलो कार्यक्रमका क्रममा पार्टीका कार्यकर्ताबीच झडप हुनसक्ने र निर्वाचन विथोल्न लागेको केही समूहबाट सडकअवरुद्ध गर्नसक्ने आकलन गरिएको बताए । उनले निर्वाचन बिथोल्ने नाममा रुख ढालेर सडक बन्द गर्ने वा अन्य अवरोध सिर्जना गर्ने गतिविधि हुनसक्ने भएकाले स्वास्थ्य सेवा प्रभावित नहोस् भनेर तयारी गरिएको जानकारी दिए । यसका लागि मन्त्रालयले गृह मन्त्रालय, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिरहेको बताए ।

उनका अनुसार मन्त्रालयले सबै अस्पताल तथा स्वास्थ्य संस्थालाई नियमित सेवा निरन्तर सञ्चालन गर्न निर्देशन दिएको छ । स्वास्थ्यकर्मीलाई अनावश्यक बिदा नदिन, लामो बिदा स्थगित गर्न र सेवामा खटिरहन आग्रह गरिएको प्रवक्ता बुढाथोकीले जानकारी दिए । झडपका कारण घाइते अस्पताल पुग्दा स्वास्थ्यकर्मी उपलब्ध नभए गम्भीर समस्या पर्नसक्ने उनको भनाइ छ ।

सम्भावित आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै मन्त्रालयले स्वास्थ्यकर्मीलाई अभिमुखीकरण, भर्चुअल तालिम तथा आवश्यक औषधि र उपकरणको मौज्दात व्यवस्थापन गरिसकेको उनले जानकारी दिए । रणनीतिक स्थानहरूमा औषधि, लजिस्टिक सामग्री भण्डारण गरिएको र आवश्यक परे आपत्कालीन मेडिकल टिम तथा र्‍यापिड रेस्पोन्स टिम पनि परिचालन गरिने उनले बताए । मन्त्रालयकाअनुसार निर्वाचन अवधिभर स्वास्थ्य संस्था र एम्बुलेन्स सेवा अविरल रूपमा सञ्चालनमा रहनेछ ।

### गाउँटोलमै सिंहदरबार

# शितगंगामा विकासको लहर, जनतामा खुसीयाली



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ फागुन

अर्घाखाँची शितगङगा नगरपालिका भौगोलिक हिसाबले नेपालकै सबैभन्दा ठूलो नगरपालिका तथा विकट बस्तीका रूपमा परिचित छ । चार वर्षअघि कार्यसम्पादन मूल्यांकनमा देशकै पाँचौं उत्कृष्ट नगरपालिका घोषित भएको शितगंगाले आफ्नो त्यो बिरासत जोगाइराख्दै विकास र सेवा प्रवाहलाई तीव्रता दिएको छ। परिणामस्वरूप स्थानीय नागरिकमा नयाँ उत्साह र विश्वास पलाएको छ । 'सिंहदरबारको अधिकार गाउँटोलमै पुऱ्याउने' उद्देश्यसहित नगरपालिकाले १ नम्बर वडादेखि १४ वटै वडामा नागरिकमैत्री घुम्ती सेवा सञ्चालन गर्ने तयारी गरेको छ । प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाका अनुसार अब नागरिकले सामान्य सेवा लिन सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने भएको छ ।

नगरपालिकाले ग्रामीण अल्ट्रासाउन्ड सेवा विस्तार गरी गर्भवती महिलाहरूलाई वडा तहबाटै भिडियो एक्स-रे सेवा उपलब्ध गराउन थालेको छ । कर सेवा समेत सञ्चालनमा आएपछि दुर्गम बस्तीका व्यवसायीलाई सहजता भएको जनाइएको छ ।

स्वास्थ्य क्षेत्रलाई केन्द्रमा राख्दै प्रत्येक वर्ष निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिँदै आएको छ । विशेषज्ञ चिकित्सकसहितको टोली गाउँमै पुगेर उपचार गर्ने तयारीमा छ । गर्भवती महिलाका लागि नियमित भिडियो एक्स-रे सेवा, स्वास्थ्य चौकी भवन निर्माण तथा स्तरोन्नति जस्ता कार्यले स्वास्थ्य पहुँचमा उल्लेखनीय सुधार आएको स्थानीय कृष्णप्रसाद न्यौपानेले बताए । नगरभित्र सडक पिच गर्ने, साना बजार क्षेत्रका सडक चौडा पार्ने, बजारमा सडक बत्ती र हाईमास्ट लाइट जडान गर्ने काम तीव्र गतिमा अघि बढिरहेको छ । पर्यटकीय सम्भावना बोकेको डम्मरु दह लाई पर्यटन हबका रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वाधार निर्माण भइरहेको छ ।

सामुदायिक वनहरूसँग सहकार्य गर्दै विकास निर्माणलाई दिगो र जनउत्तरदायी बनाइएको छ, भने खोलानालामा हुने चोरी निकासी नियन्त्रण, सीमाक्षेत्र संरक्षण र सार्वजनिक सम्पत्तिको सुरक्षा जस्ता कार्यलाई प्राथमिकतामा राखिएको प्रशासकीय अधिकृत नुमलाल खनालले जानकारी दिए। किसानलाई प्रोत्साहन गर्ने, युवा र सीमान्तकृत समुदाय लक्षित कार्यक्रम सञ्चालन, उत्पादनका आधारमा अनुदान वितरण तथा दलित, जनजाति, महिला र बालबालिका लक्षित सीपमूलक तालिम सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए ।

नगरपालिकाभित्रका जंगलमा पाइने भर्लाको पात, थाकलको पात र मकैको खोस्टाबाट टोपी, झोला र ढकिया बनाउने तालिम लिएपछि स्थानीय महिलाहरू आत्मनिर्भर बन्न थालेका छन् । अपांगता भएका नागरिक, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायलाई घरमै पुगेर सेवा दिने अभियानले 'मुस्कानसहितको सेवा'लाई व्यवहारमा उतारेको स्थानीय विष्णु पौडेलको भनाइ छ ।

नगरप्रमुख छबिलाल पौडेलका अनुसार नगरपालिका 'नागरिकको दैलोको सरकार'का रूपमा उत्तरदायी र पारदर्शी बन्न प्रतिबद्ध छ । सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत गुनासा तथा सुझाव संकलन गरी सोही आधारमा योजना अगाडि बढाइने तयारी रहेको जनाइएको छ।

प्रशासकीय अधिकृत नुमलाल खनालका अनुसार उद्देश्यविपरीत सञ्चालन भएका तथा निष्क्रिय सहकारी संस्थाहरूलाई नियमन गरिएकाले सहकारी क्षेत्रसमेत सुधारोन्मुख बनेको छ ।

सेवाग्राही गणेश पुलामीका अनुसार अहिले कार्यालय पुगेपछि पाँच मिनेटभन्दा बढी कुर्नुपर्दैन, यो प्रशासनिक सुधारको स्पष्ट संकेत हो । नगरपालिकाले नगर प्रहरी नियुक्ति, रिक्त प्राविधिक पदपूर्ति, स्वास्थ्य भवन सम्पन्न गरी सेवा विस्तार गर्ने योजना अघि सारेको छ । सबै वडाको समस्या पहिचान गरी डीपीआर निर्माण, योजनाको प्रभावकारी अनुगमन तथा वैशाखभित्र अधिकांश योजना सम्पन्न गर्ने लक्ष्य लिइएको उपप्रमुख गीता भाटले बताइन् ।

भौगोलिक रूपमा विकट भए पनि विकास र सुशासनमा उदाहरणीय अभ्यास गर्दै शितगंगा नगरपालिकाले स्थानीय सरकारको अनुभूति नागरिकको घरदैलोमै दिलाएको छ। सीमित स्रोतसाधनका बाबजुद जनप्रतिनिधि र कर्मचारीको सक्रियता, पारदर्शिता र नागरिकमैत्री सेवाले शितगंगालाई राष्ट्रियस्तरमै प्रभाव पार्ने स्थानीय तहका रूपमा स्थापित गरेको छ ।

# सामाजिक सञ्जालबाट हुने भ्रामक सामग्री रोक्नुपर्नेमा जोड

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १३ फागुन

लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम बुधबार ललितपुरमा सम्पन्न भएको छ । स्वच्छ निर्वाचनका लागि अभियान अन्तर्गत २०८२ फागुन १३ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र नेपाल मानव अधिकार संगठन को आयोजनामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले फागुन २१ गते हुने निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सामग्री रोक्न निर्वाचन आयोग ले प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याए । उनले आर्थिक पारदर्शिताका लागि राजनीतिक दल तथा उम्मेद्वारले बैंक खातामार्फत आयव्यय सार्वजनिक गरी इमान्दारिता देखाउनुपर्नेमा जोड दिए ।



अध्यक्ष मगरले आयोगले निर्वाचनपूर्व, मतदानका दिन र निर्वाचनपश्चात् अनुगमन गर्दै आएको स्मरण गराउँदै भयरहित वातावरणमा मतदान र स्वच्छ मत परिणाम घोषणा सुनिश्चित गर्न दलहरूको इमान्दार भूमिका आवश्यक रहेको बताए । उनले अपांगता भएका व्यक्तिको सहज मतदान, बालबालिकालाई प्रचारमा प्रयोग नगर्नु, विदेशमा रहेका मतदाताको मतदान अधिकार सुनिश्चित गर्नेलगायतका विषयमा आयोगका सिफारिस कार्यान्वयन हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए । इन्सेकका अध्यक्ष विजयराज गौतमले विगतका निर्वाचनमा पर्यवेक्षण गरी संक्षिप्त प्रतिवेदन आयोगलाई बुझाउँदै आएको जानकारी दिँदै पाँच प्रतिशतभन्दा बढी मत बदर हुने प्रवृत्तिले मतदाता शिक्षाको आवश्यकता देखाएको बताए ।

नेपाल मानव अधिकार संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्यालले परम्परागत दलप्रतिको अन्ध समर्थनका कारण व्यवहारिक रूपमा राज्य संयन्त्रले नागरिक अपेक्षा पूरा गर्न नसकेको उदाहरण प्रस्तुत गरे । नेपाल प्रहरीका एआइजीपी डम्बरबहादुर वि.क.ले निर्वाचन सुरक्षाको ९५ प्रतिशत तयारी पूरा भइसकेको जानकारी दिँदै सामाजिक सञ्जालबाट फैलिने 'मिस' र 'डिस' इन्फर्मेसन रोक्न राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने बताए ।

सशस्त्र प्रहरी बल नेपालका एआइजी गणेश ठाडा मगरले मतदान केन्द्रको दोस्रो घेरामा सशस्त्र प्रहरी परिचालन हुने तथा जगेडा टोलीको समेत व्यवस्था गरिएको बताए । निर्वाचन आयोगका प्रतिनिधि उषा गजमेरले महिला उम्मेद्वार तथा मतदातामाथि सामाजिक सञ्जालमा गरिने चरित्र हत्या कानुनबमोजिम दण्डनीय हुने स्पष्ट पारिन् ।

उनले निर्वाचन खर्च पारदर्शी बनाउन निर्वाचन लक्षित बैंक खाता अनिवार्य गरिएको र आचारसंहिता उल्लंघनका कारबाही सार्वजनिक गरिने जानकारी दिइन् । राष्ट्रिय मानव अधिकार आयोगकी पूर्व आयुक्त मोहना अन्सारीले डिजिटलाइजेशनको युगमा सामाजिक सञ्जाल नियमनबारे स्पष्ट नीति आवश्यक रहेको बताउँदै कन्टेन्ट क्रिएटर जिम्मेवार बन्नुपर्नेमा जोड दिइन् ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले डिजिटल माध्यमबाट हुने अनपेक्षित सूचना प्रसारले जनमतको स्वच्छ प्रयोगमा बाधा पुऱ्याउन सक्ने उल्लेख गरे । वरिष्ठ पत्रकार तारानाथ दाहालले सामाजिक सञ्जालको नियमन प्रभावकारी हुन नसक्दा विश्वसनीयतामा प्रश्न उठेको धारणा राखे । कार्यक्रममा लैंगिक अधिकारकर्मी कोपिला रिजाल, अधिवक्ता ऋषिकेश श्रेष्ठ, सरस्वती राई, विद्यार्थी कुसुम वाइबा, हरि बिसी, धिरेन्द्र सिंह धामीलगायत सहभागीहरूले सामाजिक सञ्जाल नियमन, मतदाता शिक्षा, अन्तर जिल्ला तथा विदेशमा रहेका नेपालीको मतदान अधिकार, निर्वाचन खर्च पारदर्शिता र सुरक्षा व्यवस्थाबारे प्रश्न तथा सुझाव राखेका थिए ।

# कालीकोटमा १७ सय बढी किशोरीले लगाए एचपिभी खोप




**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १३ फागुन

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशको कालिकोट जिल्लामा सञ्चालन गरिएको एचपिभी खोप अभियानले उल्लेखनीय सफलता हासिल गरेको छ । जिल्लाका ९ वटै स्थानीय तहमा सञ्चालित अभियानमा लक्षित किशोरीहरूको ९५.७४ प्रतिशतलाई खोप प्रदान गरिएको छ ।

स्वास्थ्य सेवा कार्यालय कालीकोटका अनुसार अभियान अवधिमा १ हजार ८ सय १३ जना किशोरी लक्षित रहेकामा १ हजार ७ सय ४० जनालाई महिलाको पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाइएको हो। यससँगै ९५.७४ प्रतिशत प्रगति हासिल भएको कार्यालयले जनाएको छ । विद्यालय जाने १० वर्ष उमेर समूहका तथा ११ देखि १४ वर्ष उमेरका विद्यालय नजाने किशोरीहरूलाई प्राथमिकतामा राखी खोप कार्यक्रम सञ्चालन गरिएको थियो। साथै २०८१ सालमा छुट भएका किशोरीहरूलाई समेत समेटिएको बताइएको छ ।

त्यस्तै अधिकांश स्थानीय तहले शतप्रतिशत प्रगति हासिल गरेका छन्। नरहरिनाथ गाउँपालिका मा ८२.५४ प्रतिशत, खाडाचक्र नगरपालिका मा ९५.५४ प्रतिशत, महावै गाउँपालिका मा ९६.३ प्रतिशत तथा शुभकालिका गाउँपालिका मा ९७.१४ प्रतिशत प्रगति भएको छ भने अन्य स्थानीय तहले १०० प्रतिशत उपलब्धि हासिल गरेका छन् ।

स्वास्थ्य सेवा कार्यालय कालीकोटका जनस्वास्थ्य अधिकृत कटक महतले अभियान सफल बनाउन सहयोग गर्ने जिल्ला खोप समन्वय समिति, पालिका खोप समन्वय समिति, वडा खोप समन्वय समिति, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सञ्चारकर्मीप्रति धन्यवाद व्यक्त गरे । स्वास्थ्य सेवा व्यवस्थापक डा.रत्नवीर सुनारले एचपिभी खोपले पाठेघरको मुखको क्यान्सर रोकथाममा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै आगामी दिनमा समेत खोप कार्यक्रमलाई प्रभावकारी रूपमा निरन्तरता दिइने जानकारी दिए ।

# छिनखेत बजारमा अनुगमन म्याद गुज्रिएका सामान नष्ट

**रुकुम पश्चिम/मस–** रुकुम पश्चिमको बाफिकोट गाउँपालिका अन्तर्गतको प्रमुख व्यापारिक केन्द्र छिनखेत बजारमा बजार अनुगमन गरिएको छ। घरेलु तथा साना उद्योग कार्यालय रुकुम पश्चिमको आयोजनामा अनुगमन गरिएको कार्यालय प्रमुख प्रेमप्रकाश केसीले जानकारी दिए ।

अनुगमनका क्रममा छिनखेतका करिब ३५ वटा पसलको स्थलगत निरीक्षण गरिएको थियो। निरीक्षणका क्रममा म्याद नाघेका तथा आवश्यक कागजात नभएका करिब सात बोरा बराबरका सामग्री जफत गरी नष्ट गरिएको कार्यालयले जनाएको छ। अनुगमन टोलीले व्यवसायीहरूलाई पसलमा सामग्रीको स्पष्ट सूची राख्न, समयमै कर तिर्न, व्यवसाय दर्ता नवीकरण गर्न तथा उपभोक्ता हितअनुसार कारोबार सञ्चालन गर्न निर्देशन दिएको छ ।

**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

**सामाग्री आपूर्तिका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।**

**सूचना प्रकाशित मिति : २०८२/११/१४**

यस नगरपालिकाको तपशिल वमोजिमको सामाग्री आपूर्ति गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रितपुर्वकको दरभाउपत्र विद्युतीय खरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र सम्बन्धि कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document बाट Download र हेर्न सकिनेछ। दरभाउपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ। अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | लागत अनुमान (VAT बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फाराम दाखिला अवधि | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BMP/SQB/GOODS/2082-83/E/04 | Byawasayik Krishi Karyakramkaa Lagi Mini Tiller Kharid | ५,४०,०००/- | १,०००/- | १४,०००/- | २०८२/११/२९ गते १२ बजे भित्र | २०८२/११/२९ गते १ बजे |
| २ | BMP/SQB/GOODS/83-2082/E/05 | Supply and Delivery of Printer, Desktop and Accessories | ९,९९,७१५/५२ | १,०००/- | २५,०००/- | २०८२/११/२९ गते १२ बजे भित्र | २०८२/११/२९ गते १ बजे |

## सम्पादकीय

# डिजिटल हिंसा रोक

पछिल्लो चुनावी माहोलले सामाजिक सञ्जाललाई स्वस्थ बहसको मञ्चभन्दा गालीगलौज र धम्कीको थलो बनाएको छ । विचारको प्रतिस्पर्धा हुनुपर्ने ठाउँमा व्यक्तिमाथि आक्रमण र चरित्रहत्या बढिरहेको छ । आमचुनावका बेला सामाजिक सञ्जालमा दल, विचार वा उम्मेदवारबारे समर्थन अथवा विरोध हुनु सामान्य हो । ती विचारप्रति सहमत वा असहमत हुन पनि पाइन्छ । भद्र ढंगले प्रतिवाद गर्न पनि मिल्छ । किनभने, लोकतन्त्रमा फरक मत स्वाभाविक भए पनि अपशब्द, लाञ्छना, द्वेषपूर्ण भाषण र व्यक्तिगत आक्षेप लोकतान्त्रिक अभ्यास होइनन् । विशेषगरी महिला उम्मेदवार र सार्वजनिक जीवनमा सक्रिय महिलामाथि अश्लील टिप्पणी, अपमानजनक भाषा र धम्की व्यापक रूपमा बढेको देखिन्छ । यसले अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउनुका साथै असुरक्षाको भावना पनि बढाएको छ । यसबारे निर्वाचन आयोगले लागू गरेको आचारसंहिता स्पष्ट छ । सामाजिक सञ्जालमार्फत गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न नहुने, कसैको चरित्रहत्या वा मानहानि गर्न नहुने र निर्वाचनलाई प्रभावित पार्ने उद्देश्यले होच्याउने अभिव्यक्ति प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई जरिवाना र उम्मेदवारी रद्दसम्मको कारबाहीको प्रावधान छ । साइबर क्राइम वा डिजिटल हिंसा गर्ने व्यक्तिलाई कानुनी कठघरामा उभ्याउने कानुनी प्रबन्ध पनि छ । त्यहीपनि, डिजिटल हिंसाका घटना रोकिएका छैनन् ।

डिजिटल हिंसाका घटना बढिरहँदा उजुरीको संख्या न्यून देखिन्छ । त्यसले पनि सामाजिक सञ्जालको दुरूपयोग गर्नेहरूलाई प्रोत्साहन मिलेको देखिन्छ । पीडितले प्रक्रिया झन्झटिलो ठान्नु, सामाजिक दबाब महसुस गर्नु वा परिणामप्रति विश्वस्त हुन नसक्दा आफूलाई अपमानित गर्नेगरी भइरहेका गालीलाई समेत अनदेखा गर्नुपर्ने बाध्यतामा पुगेको बुझ्न कठिन छैन ।

सामाजिक सञ्जालको प्रभाव आज परम्परागत माध्यमभन्दा बढी छ । एआई प्रविधि र डिजिटल उपकरणको दुरूपयोगले भ्रामक सामग्री र द्वेषपूर्ण प्रचार छिटोछिटो फैलिइरहेको हुन्छ । यसले निर्वाचनको निष्पक्षता र सामाजिक सद्भाव दुवैमा असर पुऱ्याउन सक्छ । त्योभन्दा धेरै व्यक्तिले विचार तथा अभिव्यक्ति दिएकै कारण डिजिटल हिंसा व्यहोर्नुपर्छ । सामाजिक सञ्जालमार्फत भइरहेका यस्ता असामाजिक कार्य रोक्न राज्यका निकायहरूले आचारसंहिताको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । उजुरी प्रक्रिया सहज, छिटो र पीडितमैत्री बनाउनुपर्छ । राजनीतिक दलहरूले आफ्ना समर्थकलाई संयम र सभ्यता सिकाउनुपर्छ । साथै, नागरिक तहमा डिजिटल साक्षरता र जिम्मेवार प्रयोगको बानी विकास गर्न आवश्यक छ । लोकतन्त्र गालीले होइन, तर्कले बलियो हुन्छ । सामाजिक सञ्जाललाई घृणाको माध्यम होइन, विचारको मञ्च बनाउनुपर्छ ।

# दलका एजेन्डा पुरानै

मत माग्न आउनेहरूलाई सामान्यभन्दा सामान्य, आफ्नै गाउँमा आवश्यक शिक्षासम्बन्धी, स्वास्थ्यसम्बन्धी र सेवासम्बन्धी सरोकारका प्रश्न उम्मेदवारलाई गर्ने हिम्मत गरौं ।

अग्रलेख




● गोविन्द विक

उम्मेदवारहरूले घरदैलो कार्यक्रममा जनतासँग मत माग्दा उही पुरानै एजेन्डा सुनाउने गरेका छन् । सबै उम्मेदवारहरूले आफू चुनावमा विजयी हासिल गर्ने विश्वास गरेका छन् । प्रत्यक्षतर्फ १ सय ६५ निर्वाचन क्षेत्रका लागि करिब ३ हजार ४ सयभन्दा बढी उम्मेदवार मैदानमा छन् । अहिले उम्मेदवारहरूले मतदाता रिज्याउनका लागि गाउँ-गाउँमा विभिन्न सहानुभूति देखाइरहेका छन् । कोही खेतबारीका काम गरिरहेका जनतासँगै आफू पनि कुटो समाएर काम गर्दै छन् भने कोही उखुबारीमा जनतासँगै उखु बोकेर हिँडिरहेका छन् । थरीथरीका उपायहरू उम्मेदवारहरूले प्रयोग गरिरहेका छन् ।

चुनावको समयमा जनतासँग नजिक भएर मत माग्नु, उनीहरूको दुःखमा साथ दिन्छु भन्नु, बाटो नभएको ठाउँमा बाटोको व्यवस्था गरिदिने, पुल नभएको ठाउँमा पुल बनाइदिने, सिँचाइ नभएको ठाउँमा सिँचाइको व्यवस्था गरिदिने, किसानलाई मल समयमै पाउने वातावरण बनाइदिने, विद्यालय नभएको ठाउँमा विद्यालय बनाइदिने, शिक्षा र स्वास्थ्य सेवा निःशुल्क गरिदिने, भोकालाई खाना दिने, घर नहुनेलाई घर बनाइदिने, जग्गा नहुने भूमिहीनलाई जग्गा उपलब्ध गराइदिने, सुकुम्वासीलाई लालपुर्जा वितरण गरिदिने, बिजुली नभएको गाउँमा बिजुली पुऱ्याइदिने, किसानको उत्पादनलाई बजारीकरणका लागि व्यवस्थापन गरिदिने, ढल नभएको ठाउँमा ढलको व्यवस्था गरिदिने जस्ता एजेन्डा उम्मेदवारले कण्ठ पारेका छन् । कतिपयले रोजगारीका कुरा उठाएका छन् कतिपयले उद्योग-कारखाना खोल्ने, जीर्ण अवस्थामा रहेका उद्योग सञ्चालनका लागि काम गर्ने, ज्येष्ठ नागरिकका लागि विशेष व्यवस्था गर्ने, टोल-टोलमा ज्येष्ठ नागरिक केन्द्र स्थापना गर्ने जस्ता विषयहरू उम्मेदवारहरूले कण्ठ नै पारेका हुन्छन् ।

जनताको 'सेन्टिमेन्ट' कसरी क्याच गर्ने भन्ने कुरामा उम्मेदवारहरू निकै चलाख थिए र छन् पनि । जनतासामु गएर यस्ता विषय पूरा गर्ने वाचा स्वतन्त्र वा दलका उम्मेदवारहरूले गर्नु कुनै नौलो विषय थिएन र छैन पनि । उम्मेदवारले घरदैलो गर्दा जनतालाई बाँड्ने आश्वासनका पोका यिनै हुन् । जुन आश्वासन बाँडेर पटक-पटक सत्ताको तर मार्नेहरू पनि फेरि चुनावी रेसमै छन् ।

चुनाव जितेर सांसद बनेर आफ्नो चुनावी क्षेत्रमा एकपटक पनि पाइला नराख्नेहरूको संख्या ठूलै छ । जनतालाई विकासका सपना देखाएर जनतासामु गरिएको वाचा बिर्सिएर आफ्नै विलासितामा रमाइरहनेहरूले हुँदा-खाने निमुखा जनताको दुःखलाई सधैं सत्ताको भऱ्याङ किन बनाइरहन्छन् भन्ने प्रश्न मुख्य मुद्दा हो । जब सांसद बन्नका लागि जनताको घरमा गएर ठूला-ठूला विकासका सपना बाँडिन्छ भने त्यो सरासर झुटको मार्केटिङ भइरहेको बुझ्न कठिन छैन । निमुखा जनताको अभावलाई सत्ताको टेको बनाएर विलासिताको स्वादमा रमाउँदै नेता बन्ने प्रवृत्तिका कारण आज धनी र गरिबबिचको खाडल झन् ठूलो बन्दै गइरहेको छ । धनी झन् धनी हुँदै जाने र गरिब झन् गरिब हुँदै जाने अवस्था ढाँटको खेती गर्नेहरूको भीड बढिरहेकाले सिर्जना गरिरहेको छ ।



> *जनताले आफ्नो गाउँघरमा मत माग्न आउनेहरूलाई निडर भएर प्रश्न गर्न चुक्नु हुँदैन । जनतालाई ठूला-ठूला विकासका सपना देखाउनेहरूलाई जनताको प्रश्नबाट भाग्ने छुट छैन । जनताको प्रश्न नसुन्ने कहिल्यै नेता बन्न सक्दैन ।*

जब चुनाव जितेर सत्तामा पुग्छन्, मेरो भूमिका के हो ? मैले गर्ने मुख्य जिम्मेवारी के हो ? मेरो चुनावी क्षेत्रका जनतालाई कस्तो सेवा दिन सक्छु ? यति धेरै प्रतिस्पर्धीहरूमध्ये मलाई किन जिताए ? कम्तीमा मेरो निर्वाचन क्षेत्रका जनताको दुःखमा कसरी साथ दिन सक्छु ? उनीहरूसँग आफूले गरेका वाचा कसरी पूरा गर्ने ? यी सबै कुरा सर्लक्कै बिर्सने परिपाटी जीवितै छ । कम्तीमा आफूले जिताएर पठाएको सांसदले केन्द्रमा बसेर जनमुखी नीति बनाउन, निमुखामैत्री कार्यक्रम ल्याउन सरकारलाई खबरदारी गरोस् भन्ने अपेक्षाको भारी जनतामा हुन्छ । आफूले जिताएर पठाएको दलले बनाएको सरकारले भ्रष्टाचारीलाई कडा कारबाही गरोस्, बिल तिर्ने ठाउँमा लाइन बस्न नपरोस्, पासपोर्टका लागि लाइन बस्न नपरोस्, जुनसुकै सरकारी अड्डामा काम लिएर जाँदा एक पैसा पनि घुस खुवाउन नपरोस्, लाइसेन्स प्राप्त गर्न दुई वर्ष कुर्न नपरोस्, सरकारी अस्पतालमा लाइन नबसी सहजै स्वास्थ्य सेवा पाइयोस्, किसानी गर्नेहरूका लागि समयमा मल र बीउ पाइयोस्, पानीको व्यवस्था होस्- यस्ता अपेक्षा हुन्छन् । तर सत्तामा पुगेपछि यी सबै विषय सत्ताको प्राथमिकतामा पर्दैनन्, पारिँदैनन् ।

वर्षा लाग्छ, खोला-बाढी-पहिरोले सिंगै गाउँ नै बगाउँछ, त्यहाँ कुनै पूर्व तयारी गरिँदैन । सडकको दुर्दशाका कारण वर्षेनी कयौं मानिस सवारी दुर्घटनामा ज्यान गुमाउँछन्, तर सडकको स्तरोन्नति सत्ताको प्राथमिकतामा पर्दैन । शीतलहरले तराईलगायतका जनता वर्षेनी मृत्युवरण गर्छन्, सत्ताको ध्यान त्यता कहिल्यै हुँदैन । भूमिहीन जनता सडककै बासमा जीवन गुजार्न बाध्य हुन्छन्, सत्ताको आँखा त्यहाँ कहिल्यै पर्दैन । दुर्गम ग्रामीण बस्तीका जनताले सिटामोलसमेत समयमा नपाउने अवस्था जीवितै छ, सत्ताको ध्यान त्यहाँ पुगेकै हुँदैन । सदियौंदेखि विभेदको चपेटामा परेका दलितहरूको अवस्था अन्त्य गर्न सत्ताले आवश्यक ठानेकै हुँदैन ।

आफैले मत दिएर जिताएर पठाएको सांसदलाई सिंहदरबारमा भेट्नसमेत नपाइने अवस्था अहिले पनि छ । गाउँबाट आएका निमुखा जनताले सिंहदरबारमा आफ्नै क्षेत्रका सांसदलाई भेट्न पाउँदैनन् । विकासको कुरा त निकै परको विषय हुन्छ । जनताले आफ्नो गाउँघरमा मत माग्न आउनेहरूलाई निडर भएर प्रश्न गर्न चुक्नु हुँदैन । जनतालाई ठूला-ठूला विकासका सपना देखाउनेहरूलाई जनताको प्रश्नबाट भाग्ने छुट छैन । जनताको प्रश्न नसुन्ने कहिल्यै नेता बन्न सक्दैन । राजनीतिलाई उत्तम सेवा नठान्ने नेतृत्वले निमुखाहरूको पीडा कहिल्यै थाहा पाउने प्रयास गर्दैन ।

मत माग्न आउनेहरूलाई सामान्यभन्दा सामान्य, आफ्नै गाउँमा आवश्यक शिक्षासम्बन्धी, स्वास्थ्यसम्बन्धी र सेवासम्बन्धी सरोकारका प्रश्न उम्मेदवारलाई गर्ने हिम्मत गरौं । मुलुकको मुहार फेर्न, हुँदा-खाने जनताको आवश्यकता पूरा गर्न, जनस्तरका सवाललाई सत्ताको केन्द्रमा राख्न हामी मतदाताहरूले सही मान्छे, सही दल, सही विचार र सेवावाद चिन्न सकेनौं भने हामीले त दुःख पाउने नै छौं, हाम्रा सन्ततिले पनि यही दुःख दोहोऱ्याउनेमा कुनै शंका छैन । निमुखाहरूको अभावलाई सत्ताको भऱ्याङ बनाएर विलासिताको तर मार्ने अभ्यास सधैंका लागि बन्द हुनुपर्छ ।

## इतिहासमा आज

२६ फेब्रुअरी १९९३ मा न्यूयोर्क शहरमा रहेको वर्ल्ड ट्रेड सेन्टरको उत्तरी टावर मुनि पार्क गरिएको ट्रक बम विस्फोट हुँदा ६ जनाको मृत्यु भएको थियो भने एक हजारभन्दा बढी मानिसहरू घाइते भएका थिए ।




२६ फेब्रुअरी २०१२ मा क्यानडाको ओन्टारियोको बर्लिङ्टनमा एउटा रेल पटरीबाट खस्दा कम्तिमा ३ जनाको मृत्यु भएको थियो भने ४५ जना घाइते भएका थिए ।



२६ फेब्रुअरी २०१३ मा इजिप्टको लक्सर नजिकै तातो हावाको बेलुन दुर्घटनाग्रस्त हुँदा १९ जनाको मृत्यु भएको थियो ।



२६ फेब्रुअरी २०१९ मा भारतीय वायुसेनाको लडाकु विमानले पाकिस्तानको बालाकोटमा रहेको जैश-ए-मोहम्मद आतंकवादी तालिम शिविरहरूलाई निशाना बनाएर आक्रमण गरेको थियो ।



# मधेशी हुनु मात्रै पर्याप्त होइन

विचार



● कौशल गोपालवंशी

> *मधेशका आम जनताले बुझ्नुपर्छ- मधेशी हुनु मात्र पर्याप्त छैन, नीति बोकेको नेतृत्व आवश्यक छ । जात, अनुहार र भावनामा होइन, नीति, दृष्टिकोण र प्रतिबद्धता हेरेर भोट हाल्नुपर्छ ।*

नेपालको मधेश क्षेत्रमा राजनीति लामो समयदेखि व्यक्तिवादी र जातिवादी ढाँचामा केन्द्रित रहँदै आएको छ । चुनावको बेला बहस प्रायः यसमै सीमित हुन्छ- को मधेशी नेता बन्नेछ ? वा को प्रधानमन्त्री पदमा पुग्ने सम्भावना राख्छ ? तर वास्तविकता के हो भने यस्ता बहसले मधेशका आम जनताको जीवनमा सुधार ल्याउँदैनन् । सडक, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सम्मानको अवस्था अझै असन्तोषजनक छ ।

मधेशी हुनु सम्मानजनक कुरा हो । यसले समाजमा आत्मगौरव र पहिचानको अनुभव दिलाउँछ । तर केवल अनुहार र जातका आधारमा राजनीति चल्न सक्दैन । यदि नेतृत्वले मधेशी समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्ने नीति बोकेको छैन भने मधेशको विकास र समृद्धि सम्भव छैन । यही कारणले भनिन्छ- मधेशी हुनु पर्याप्त छैन, मधेशको नीति बोक्नुपर्छ ।

मधेश आन्दोलन केवल कुनै व्यक्तिलाई सत्ता दिलाउने अभियान थिएन । यसको मूल उद्देश्य थियो- समान अधिकार, पहिचान र न्यायको सुनिश्चितता । लामो समयसम्म मधेशीहरूले नागरिकता पाउन कठिनाइ भोग्दै आएका थिए, प्रशासन र न्याय प्रणालीमा पहुँच सीमित थियो, स्वास्थ्य र शिक्षा सेवा पर्याप्त थिएनन् र आफ्नो भाषा, संस्कृति र पहिचानमा स्वतन्त्रता सीमित थियो । आन्दोलनले माग गरेको मुख्य कुरा थियो- राज्यले मधेशीलाई बराबरीका नागरिकका रूपमा व्यवहार गरोस् ।

तर विगतका चुनावहरूमा राजनीति प्रायः नेताको जात, अनुहार वा पदको वरिपरि घुम्यो । मधेशी उम्मेदवार भए पनि यदि उनीहरूको नीति मधेशका वास्तविक समस्याहरूलाई सम्बोधन गर्न असक्षम थियो भने आन्दोलनको मर्म पूरा हुन सकेन ।

व्यक्तिमुखी राजनीतिले मधेशलाई धेरै वर्ष हानि पुऱ्यायो । नेताले केवल आफ्नो पहिचान वा अनुहारको आधारमा मान्यता पाए, तर नीति स्पष्ट नभएको खण्डमा जनताको जीवनमा सुधार आउँदैन । मानिसहरू भावनामा भोट हाल्छन् र त्यही आधारमा उम्मेदवार चयन गर्छन् । यसले पटक-पटक नेतृत्वमा त्यस्तै अनुहार मात्र ल्याउँछ, तर समस्याहरू यथावत् रहन्छन् । यदि नेताले आन्दोलनको उद्देश्य- समान अधिकार र पहिचान बिर्से भने, आन्दोलनको उपलब्धि व्यक्तिमा सीमित रहन्छ ।

नीतिमुखी राजनीति भन्नाले कुन नेता सत्तामा पुग्छ भन्नेभन्दा त्यसको नीति कस्तो छ भन्ने कुरामा ध्यान दिनु हो । यसको अर्थ संघीयता कार्यान्वयन, समावेशिता सुनिश्चित गर्नु, युवाका लागि रोजगारी र शिक्षा, स्वास्थ्य र आधारभूत सेवामा पहुँच, नागरिक अधिकार तथा भाषा-संस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकतामा राख्नु हो । नीति बलियो भएमा व्यक्तिहरू बदलिँदा पनि मधेशको भविष्य सुरक्षित रहन्छ ।

अहिले पनि मधेशका धेरै ठाउँमा स्वास्थ्य सेवा अपूरो छ, शिक्षा र रोजगारी पर्याप्त छैनन्, प्रशासन र न्याय प्रणालीमा पहुँच सीमित छ र युवाको पलायन उच्च छ । यी वास्तविकताले देखाउँछन् कि केवल मधेशी अनुहार सत्ता पुग्नु पर्याप्त छैन । नीति स्पष्ट, बलियो र व्यवहारयोग्य हुनुपर्छ ।

चुनाव मधेशका लागि केवल नेता छान्ने अवसर होइन, आफ्नो अधिकार, भविष्य र पहिचान सुनिश्चित गर्ने मौका हो । मतदाताले अब भावनामा होइन, नीतिमा आधारित निर्णय लिनुपर्छ । उम्मेदवारको विगतको कार्य, घोषणापत्र र व्यवहार हेरेर मात्र मतदान गर्नु आवश्यक छ ।

मधेशमा युवाको ठूलो समस्या रोजगारी र भविष्य हो । धेरै युवा विदेशिन बाध्य छन्, किनकि यहाँ अवसर सीमित छन् । नीतिमुखी राजनीतिले मात्र युवाको भविष्य सुरक्षित गर्न सक्छ ।

मधेश आन्दोलनका उपलब्धिहरू सुरक्षित राख्नुपर्छ । यसको लागि मतदाताले नीति हेरेर भोट हाल्नुपर्छ, पैसाको, डरको वा जातीय भावनाको प्रभावमा नपरी निर्णय गर्नुपर्छ । समुदाय सुसंगठित रहनुपर्छ र निर्वाचनपछि पनि नेता वा पार्टीले वाचा पूरा गर्दैछ कि छैन भन्ने निगरानी गर्नुपर्छ ।

मधेशी नेता हुनु आफैंमा उपलब्धि होइन । यदि नीति बलियो छ भने, जोसुकै नेता भए पनि मधेशको अधिकार सुनिश्चित हुन्छ । यदि नीति कमजोर छ भने मधेशी अनुहार सत्ता पुगे पनि आन्दोलनको मर्म हराउँछ ।

आज मधेशका आम जनताले बुझ्नुपर्छ- मधेशी हुनु मात्र पर्याप्त छैन, नीति बोकेको नेतृत्व आवश्यक छ । जात, अनुहार र भावनामा होइन, नीति, दृष्टिकोण र प्रतिबद्धता हेरेर भोट हाल्नुपर्छ । नीतिमुखी राजनीतिले मात्र मधेशलाई सशक्त बनाउँछ, अधिकार दिलाउँछ, रोजगारी र शिक्षा सुनिश्चित गर्छ र युवा भोलिको आशा बन्छ । मधेशी हुनु सम्मानजनक छ, तर मधेशको भविष्य सुरक्षित गर्न नीति बोक्ने नेतृत्व चाहिन्छ ।

## सामाजिक सञ्जाल




**राधाकृष्ण कटुवाल**

दुईमध्ये एउटा कुन ठिक हो भनेर छुट्याउन जति सहज हुन्छ, दुईभन्दा बढी तीन वा धेरै पार्टी हुँदा राम्रो नराम्रो छुट्याउन निकै कठिन हुन्छ । यस्तै हो नेपालको निर्वाचन ! अमेरिकामा डेमोक्रेटिक र रिपब्लिकनमध्ये एक छान्न जनतालाई कति सजिलो छ । हो, त्यसैले नेपालमा पनि दुई दल बनाऔं ।



**विनोद न्यौपाने**

मुलुकका पत्रकारको/पत्रकारिता काम भनेको प्रजातन्त्र, निर्वाचनमा निर्वाचन आयोगले गर्ने तल माथि, सामान्य नागरिकको मत त्यसको सुरक्षा, पद्धति, संरचना पो दरिलो पार्न लेखिन्छ, सचेत गराउनेदेखि सूचना दिने हुन्छ । यी त यसले जित्छ र हार्छ लेखेर बसेका छन् । पूरै व्यापारी !



**मदन खरेल**

राजनीतिक प्रतिस्पर्धाबाट अलग्गै रहेर केवल मुलुक हितको बारे आफ्नो दृष्टिकोण मात्र राख्ने गरेका राजामाथि एकाएक आक्रामक चेतावनीयुक्त सम्बोधन गरेर रवि लामिछानेले आफ्नो छवि मात्र धमिल्याएनन्, उनको असली चेहरा बेलैमा देखाए जो उनको भावी राजनीतिक जीवनका निम्ति महँगो पर्ने वाला छ, सुध्रिउन !



**पञ्कज दास**

के रास्वपाले आफ्नो नेतृत्वमा सरकार बने पछि पारीको तरकारी र चामल आयातमा प्रतिबन्ध लगाउँछ ? काठमाडौंको मेयर हुँदा पारीको फिल्म नचलाउने उर्दी जारी गरेर दुई दिनसम्म कुनै फिल्म चल्न दिएका थिएनन् । झापामा धेरै दिनको बसाईपछि खोक्रो राष्ट्रवादको सरुवा रोग त लागेको होइन ?

# होली र निर्वाचन प्रचार एकैसाथ रौतहटमा सुरक्षा व्यवस्था कडा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ फागुन

यस वर्षको रङहरूको पर्व होली (फागुपूर्णिमा) र प्रतिनिधिसभा सदस्यको निर्वाचन प्रचार एकै समयमा परेपछि रौतहट जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ।

निर्वाचनको संवेदनशीलता र चाडपर्वका बेला हुन सक्ने सम्भावित उच्छृंखल गतिविधिलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय रौतहटले विशेष सुरक्षा सतर्कता अपनाउनुका साथै निर्वाचन आचारसंहिता पालनामा कडाइ गरेको हो ।

जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै निर्वाचन प्रचार-प्रसार र मौन अवधिसँगै होली पर्व परेकाले राजनीतिक दल, उम्मेदवार र सर्वसाधारणलाई संयमता अपनाउन आग्रह गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवद्वारा हस्ताक्षरित सूचनामा निर्वाचनको गरिमा र चाडपर्वको मौलिकता कायम राख्न सबै पक्षले उच्च जिम्मेवारी प्रदर्शन गर्नुपर्ने उल्लेख गरिएको छ।

प्रशासनले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ को पूर्ण पालना गर्न निर्देशन दिँदै उल्लंघन गर्नेलाई तत्काल कानुनी दायरामा ल्याइने चेतावनी दिएको छ । विशेषगरी मौन अवधिमा हुन सक्ने राजनीतिक चलखेल र उत्सवको आवरणमा गरिने चुनावी प्रचारलाई रोक्न सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ।

## मर्यादित होलीका लागि कडा निर्देशन

प्रशासनले होलीलाई एकता र भाइचाराको पर्वका रूपमा मनाउन आग्रह गर्दै विभिन्न गतिविधिमा पूर्ण प्रतिबन्ध लगाएको छ । कसैको अनुमति बिना जबरजस्ती रङ दल्ने, लोला हान्ने वा फोहर पानी छ्याप्ने कार्य गरेमा कारबाही गरिने जनाएको छ। मेला, जात्रा वा ठूला भीडभाड हुने कार्यक्रम आयोजना गर्नुअघि स्थानीय प्रशासनबाट अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ।

त्यस्तै, चर्को आवाजमा डीजे बजाउन र सार्वजनिक शान्ति खलल पुग्ने गरी होहल्ला गर्न निषेध गरिएको छ । मादक पदार्थ सेवन गरी सवारी चलाउने तथा ट्राफिक नियम उल्लंघन गर्नेमाथि शून्य सहनशीलताको नीति लिइएको प्रशासनले जनाएको छ।

केही दिनअघि गौर नगरपालिका-६ सबगढामा दुई समुदायबीच उत्पन्न विवादका कारण स्थिति तनावपूर्ण बनेको थियो । उक्त घटनालाई मध्यनजर गर्दै प्रशासनले यसपटक थप संवेदनशील भएर सुरक्षा योजना तयार पारेको जनाएको छ।

प्रशासन स्रोतका अनुसार जिल्लाका संवेदनशील क्षेत्र पहिचान गरी सुरक्षाकर्मीको संख्या बढाइएको छ । निर्वाचन र चाडपर्वलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्नु नै पहिलो प्राथमिकता रहेको प्रशासनको भनाइ छ । सुरक्षामा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा आम सर्वसाधारणलाई दुःख-हैरानी पुग्ने कुनै पनि गतिविधि नगर्न र आचारसंहिता विपरीतका कार्य देखिएमा नजिकको सुरक्षा निकायमा जानकारी गराउन प्रशासनले अपिल गरेको छ।

# ठोरीको विकासबिना चितवनको विकास सम्भव छैन : सोविता गौतम

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १३ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नेतृ तथा प्रखर वक्ता सोविता गौतमले ठोरीको विकास बिना चितवनको विकास सम्भव नहुने बताउँदै साझा चुनौतीसँग लड्न रास्वपा उम्मेदवार टेकबहादुर शाक्यलाई विजयी गराउन मतदातासमक्ष अपिल गरेकी छिन् ।

पर्साको ठोरी गाउँपालिकाको चौतारामा आयोजित कोणसभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै चितवन-२ की प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार समेत रहेकी गौतमले केरुङ-ठोरी नाका जोड्ने, ठोरी भन्सार र हुलाकी सडकजस्ता बहुप्रतीक्षित योजनाहरूलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताइन् ।

उनले देशमा नीति र विधिको परिवर्तनमार्फत सुशासन स्थापना गर्ने उद्देश्यले रास्वपाको जन्म भएको स्पष्ट पारिन् । उनले यस भू-भागमा कृषि र सिँचाइ सुविधा नभएको कारण धेरैले यो ठाउँ छोडेर विस्थापित हुनुपरेको उल्लेख गर्दै अब यस्ता समस्याहरू समाधान गर्नुपर्ने समय आएको बताइन् । उनले यस क्षेत्रका सुकुम्बासीहरूको समस्या बुझ्ने कोही नभएको आरोप लगाइन् ।

यहाँ सुकुम्बासीहरूलाई यस क्षेत्रका नेताहरूले भोट बैंकको रूपमा लिएको तर उनीहरूको वास्तविक समस्या कसैले नबुझेको उनको भनाइ छ ।



गौतमले रास्वपा उम्मेदवार टेकबहादुर शाक्य विजयी भए सुकुम्बासी समस्या समाधानका लागि पहल गरिने प्रतिबद्धता व्यक्त गरे । उम्मेदवार शाक्यले ठोरीलगायत समग्र क्षेत्र नम्बर ४ का समस्याहरूलाई प्राथमिकताका साथ उठान गर्दै साझा चुनौती र साझा समस्याहरूमा सहकार्य गरेर यस क्षेत्रको विकास गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र परित्याग गरी सयौँको संख्यामा रास्वपामा प्रवेश गरेको जनाइएको छ । नवप्रवेशीहरूलाई फुलमाला र टीका लगाएर प्रमुख अतिथि गौतम तथा क्षेत्र नं. ४ का उम्मेदवार शाक्यले स्वागत गरेका थिए ।

स्वागतका क्रममा 'छाप छाप घण्टी छाप, अबकी बार बालेन सरकार'भन्ने नारासमेत गुञ्जिएको थियो ।

कार्यक्रममा किशोर तमाङ, कामोध्य चौधरी, धीर सिंह, रामाकान्त चौधरी, जगदीश पटेल, डा. जोगेन्द्र चौरसिया, रोशन पटेल, विनय साह लगायतका वक्ताहरूले पनि मन्तव्य राख्दै रास्वपाको नीति, कार्यक्रम तथा वैकल्पिक राजनीतिक सोचबारे प्रकाश पारेका थिए ।

उनीहरूले पुराना प्रवृत्तिलाई परिवर्तन गरी पारदर्शी र जवाफदेही शासन प्रणाली स्थापना गर्न नयाँ शक्तिको आवश्यकता रहेको धारणा व्यक्त गरेका थिए ।

कोणसभा तथा पार्टी प्रवेश कार्यक्रम माधव बस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सहजीकरण सन्तोष श्रेष्ठले गरेका थिए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तस्रो पटक प्रकाशित मितिः २०८२/११/१४**

**कपुरण लाइटिङ्ग इन्डष्ट्रिज प्रा. लि.** को मिति २०८२/१०/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि. पोजेटिभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २७८८८०)** कायम गर्ने गरी मिति २०८२/११/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ZERO COST RECRUITMENT IN MALAYSIA!!!
## (मलेसियाको लागि शुन्य लागतको रोजगार)

**Free Passport, Free Visa, Free Ticket, Free Service Charge, Free Medical After Selection Free Transport, Free Food and Free Loding**
(फ्रि राहदानी, फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल छनौट पछी फ्रि यातायात, फ्रि खाना र फ्रि आवास)

**रोजगारदाता कम्पनी : भिसी भेन्चर्स रिसोर्सेज एसडीएन बीएचडी. शहर : सुंगाइ बाकाप, पेनाङ, मलेसिया**
(Employer Company): Vc ventures Resources sdn bhd City : sungai bakap Penang, malaysia

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः / Pre Approval Date: | २०८२/११/१३ / 2026/02/25 | चलानी नं.: / Invoice No.: | ६०२५२९४० / 60252940 | एल टि नं.: / L.T. No.: | ३३९५८६ / 339586 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट RM | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accommodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | साधारण कामदार / कारखाना कामदार General worker/ Factory worker | १४० 140 | ० 0 | स. काममा दक्ष Skilled in related work | १७०० 1700 | ६३४१० 63,410 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.२१००।– रोजगारदाताले व्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

**Important Information (महत्वपूर्ण जानकारी) :**

- For age verification during the screening process, all applicants are kindly requested to bring at least two government issued original identity documents. For example: a citizenship card, existing passport (if any), national identity card 1, voter's card driving license etc.
(चयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परि चय खुल्ने सक्कली कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने) राष्ट्रिय परिचयपत्र मतदाता परिचय पत्र, चालक अनुमति पत्र इत्यादि ।।
- All interested applicants are hereby requested to be present at the pre-selection orientation program.
(सबै इच्छुक आवेदकहरू पूर्व छनौट अभिमुखीकरण प्रक्रियामा उपस्थित हुन अनुरोध गरिन्छ ।
- In the process of ethical recruitment, applicants are not required to give any kind of fee, mortgage and advance, gift for foreign employment.
नैतिक भर्ती प्रक्रिया अन्तर्गत वैदेशिक रोजगारीको लागि जाँदा, आवेदकले कुनै पनि प्रकारको शुल्क, धितो, पेश्की वा उपहार दिनुपर्ने छैन ।)
- In the process of ethical recruitment, the applicants does not need to use any mediator or intermediary or agent to apply for foreign employment. You can submit your application directly..
(नैतिक भर्ती प्रक्रिया अन्तर्गत वैदेशिक रोजगारीको लागि जाँदा, आवेदकले कुनै पनि मध्यस्थकर्ता, बिचौलिया वा एजेन्ट प्रयोग गर्नु पर्दैन । आफ्नो आवेदन सिधै पेश गर्न सकिने छ ।)
- In the process of ethical recruitment, if the applicants applying for foreign employment feels any kind of discrimination and any kind of unethical activity, they can contact the organization's complaint/grievance numbers and the name of the person making the complaint/ grievance will be kept confidential.
(नैतिक भर्ती प्रक्रिया अन्तर्गत वैदेशिक रोजगारीको लागि जाँदा, आवेदकलाई कुनै पनि प्रकारको भेदभाव वा कुनै किसिमको अनैतिक गतिविधि महसुस भएमा संस्थाको गुनासो सुन्ने नम्बरहरूमा सम्पर्क गर्न सक्नु हुनेछ भने गुनासो राख्ने व्यक्तिको नाम गोप्य राखिनेछ ।)
- You can contact the Department of Foreign Employment, Tahachal to check/ensure the steps to your recruitment process for foreign employment or for more information.
(नैतिक भर्ती प्रक्रिया अन्तर्गत वैदेशिक रोजगारीको लागि जाँदा, आफ्नो प्रक्रिया सुनिश्चित गर्नका लागि अथवा थप जानकारीका लागि वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्न सक्नु हुनेछ ।)
- If you need to get any other information regarding Ethical recruitment process for foreign employment, you can call our help desk's direct contact number.
(नैतिक भर्ती प्रक्रिया अन्तर्गत वैदेशिक रोजगारीको लागि जान अन्य जानकारी लिनु परेमा हाम्रो सहायता कक्षको सिधा सम्पर्क नम्बरमा फोन गर्न सक्नु हुनेछ ।
- If you have any grievances feel free to reach out to us via our grievance dedicated phone number or our hotline and your issue will be investigated with utmost competence and resolved as soon as possible
यदि तपाईंसँग कुनै गुनासो छ भने हाम्रो गुनासो समर्पित फोन नम्बर वा हाम्रो हटलाइनमार्फत हामीलाई सम्पर्क गर्न स्वतन्त्र महसुस गर्नुहोस् र तपाईंको मुद्दालाई अत्यन्त दक्षताका साथ छानबिन गरिनेछ र सकेसम्म चाँडो समाधान गरिनेछ ।)

**Interview Details (अन्तर्वार्ताको विवरण)**
The final interview will be conducted at the manpower office in Kathmandu from March 9, to March 11, 2026.
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ फागुन २५ गते देखि फागुन २६ गतेसम्म हुनेछ ।
The preliminary interview will be conducted at the manpower office in Kathmandu from February 26, to March 2, 2026.
प्रि अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ फागुन १४ गते देखि फागुन १८ गतेसम्म हुनेछ ।

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनीमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
**DITYA INTERNATIONAL PVT. LTD.**
Sinamangal-9, Manpower Bazar, Kathmandu, Contact No: 01-5912818, 9701018326, 9701018328, 9701018329, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

## BAHRAIN मा रोजगार

कम्पनी : UNISKILLS W.L.L शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ चलानी नं.: ६०२४८११३ L.T. No.: 334539 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 202 | 12 | स. काममा दक्ष | 100 | ३५,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
SUGAM OVERSEAS PVT. LTD.
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.com.np

## कार्यालय सर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/११/१४**

यस **तामसाली डेभलपमेन्ट बचत तथा ऋण सहकारी लि.** मिति २०८३/०१/०२ देखि हाल रहेको क.म.न.पा-०७ कुमारीगल बौद्धबाट क.म.न.पा-०६ पाटिटार बौद्धमा सर्ने भएकोले सम्पुर्ण शेयर सदस्य सम्पुर्ण ग्राहकहरुमा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**सम्पर्क नं.: ०१-५१५५२३६**
Gmail : tamsanlingdev2075@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/१४**

**प्रिसियस एकेडेमी अछामको** मिति २०८२/१०/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **संस्कार मन्टेश्वरी स्कूल अछाम (दर्ता नं. १६३०६६)** कायम गर्ने गरी मिति २०८२/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०२/२४ मा दर्ता भएको **प्रा. लि. नं. ६३३३४** को **कोजी कर्नर गेष्ट हाउस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Mahabu Rural Municipility
## Office of the Rural Municipal Executive

Gaidabaj, Dailekh
Karnali Province, Nepal

**Invitation for Bids**

**First Date of Publication: 2082/11/14 (Feb. 26, 2026)**

| Identification No. | Description of Works | Estimated Amount (Without VAT, PS and Contingencies) (NRs) | Cost of Bidding Documents (NRs) | Bid Security Amount (NRs) | Validity Of Bid documents/ Bid Security (NRs) | Last Date and time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| MRM/ NCB/Works/ 07/2082-083 | Gaidabaj Bazar Road Maintenances Works Mahabu RM-04, Dailekh | 60,20,967.14 | 3,000/- | 2,10,000/- | 120 days after bid opening | 2082/12/15 12:00 PM | 2082/12/15 14:00 PM |

Note: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www. mahabumun.gov.np and contact 9858074608,9868292357 or mahabugaupalika74@gmail.com.

**Chief Administrative Officer**

## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/११/१४**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/१०/२५ गत्ते विद्युतीय माध्यम (E Bidding) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये देहायका बोलपत्र न्यूनतम् मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मुल्याँकन; मितिको मिति २०८२/११/१२ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै दरभाउपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना पाकाशित गरिएको छ ।

**तपसिल**

| क. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर समेत) |
|---|---|---|---|---|
| १ | GRM/WORKS/ SQ/13/2082/83 | Construction of Gyanmarga School | प्रतिभा बिल्डर्स, गोरखा | १२,३८,८१९/९७ |

**प्रमुख प्रशासकिय अधिकृत**

## Lamkichuha Municipality
## Office of the Municipal Executive

Bhalka-02, Kailali
Sudurpaschim ProvinceSudurpaschim Province

**Invitation for Online Bids**

**Date of publication: 2082/11/14**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible bidder for the following construction work as shown in table below and for further information visit PPMO website www.bolpatra.gov.np/egp. :

| S. N. | Contract ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non Refundable) | Estimated Amount (Including VAT and P.S) |
|---|---|---|---|---|---|
| 1 | 10/LCM/W/ 2082/083 | Pratapapur Bazar dekhi Banbarsha Hudi sohanpur samma Dhal Nikas Karya | 2,14,000.00 | 3000.00 | 8,013,145.782 |

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कुसाङ गेल्जी शेर्पाको नाति, टेन्डी शेर्पाको छोरा, रामेछाप जिल्ला, उमाकुण्ड गा.पा. वडा नं. २ बस्ने, यस बैंकको बाम्तीभण्डार शाखा कार्यालयको खातावाला पासाङ शेर्पा लामाको मिति २०८२/१०/१४ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती फुटी शेर्पाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड / Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कियाक्पुको नातिनी, आङ बाबु शेर्पाको छोरी, रामेछाप जिल्ला, उमाकुण्ड गा.पा. वडा नं. २ बस्ने, यस बैंकको बाम्तीभण्डार शाखा कार्यालयको खातावाला छम्जी शेर्पीनीको मिति २०८२/०९/२८ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान जाङबु शेर्पाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड / Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

चीम्से दमाइको नातिनी, जस बहादुर दमाइको छोरी, रामेछाप जिल्ला, उमाकुण्ड गा.पा. वडा नं. २ बस्ने, यस बैंकको बाम्तीभण्डार शाखा कार्यालयको खातावाला सुजना परीयारको मिति २०८२/१०/०५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान अनील परीयारले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड / Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# सिलिगुडीमा पहिलो पटक गुञ्जिँदै नेपथ्य



**काठमाडौं/मस–** पूर्वोत्तर भारतको प्रवेशद्वार र पश्चिम बंगाल तथा सिक्किमका पहाडी बस्तीहरूको केन्द्र मानिने सिलिगुडीमा नेपाली संगीत प्रेमीहरूका लागि विशेष सांगीतिक अवसर आउन लागेको छ । लोकप्रिय नेपाली ब्यान्ड नेपथ्य पहिलो पटक यस महानगरमा प्रस्तुति दिन तयार छ । ब्यान्डले आगामी शनिबार (फेब्रुअरी २८) नेपाली लोकसंगीतको झँकार प्रस्तुत गर्ने छ, जसमा परम्परागत गीतदेखि आधुनिक लोकसंगीतसम्म समावेश हुनेछ ।

यो कन्सर्ट नेपथ्यका लागि सन् २०२६ को नेपाली सीमाबाहिरको पहिलो प्रस्तुति पनि हुनेछ । गत हप्ता नेपालका चार सहरमा शृंखलाबद्ध यात्रा सम्पन्न गरी फर्किएको ब्यान्ड हाल सिलिगुडी कन्सर्टको अन्तिम तयारीमा जुटिसकेको छ ।नेपथ्यले यसअघि सिलिगुडी आसपासका सिक्किम र सिलोङमा पनि प्रस्तुति दिँदै आफूलाई परिचित गराइसकेको छ । सिलिगुडीको उत्तरतर्फ रहेका पहाडी बस्तीहरूमा नेपाली भाषी समुदायको ठूलो उपस्थिति रहेको छ भने पछिल्लो समय विभिन्न भेगबाट बसाइँ सरेर आएका मानिसहरूको उल्लेखनीय जनसंख्या यस महानगरलाई बहुसांस्कृतिक केन्द्रको रूपमा विकास गरिरहेको छ ।

नेपालको इलाम र झापाजस्ता सीमावर्ती जिल्लामा नेपथ्यको प्रस्तुति हुँदा भारतका दार्जिलिङ, कालिम्पोङ, मिरिक, सिक्किम, डुवर्स, जयगाउँ लगायतका क्षेत्रमा दर्शकहरूको ठूलो उपस्थिति रहन्छ। यस वर्ष भने सिलिगुडीमा कन्सर्ट हेर्न मात्र भारतीय शहरबाट होइन, नेपालका सीमावर्ती क्षेत्रबाट पनि दर्शक उपस्थित हुने अपेक्षा गरिएको छ ।

स्थानीय आयोजक 'पोजिटिभ भाइब्स' का विकेश कायस्थले भने, 'विशेषतः यस समग्र भेगका नेपाली भाषीलाई उत्सवमय जमघट गराउने प्रयास हो । टिकट बिक्री खुलासँगै दर्शकहरूले उत्साहजनक रूपमा बुकिङ गर्न थालिसकेका छन् ।' उनका अनुसार, कन्सर्टको एक साता बाँकी रहँदै तीन हजार टिकट बिक्री भइसकेको छ ।

सिलिगुडी चिया, वनपैदावार र पर्यटनका सम्भावनासहित तीव्र गतिमा व्यवसायिक र आवतजावतको केन्द्रको रूपमा विस्तार हुँदै गएको छ । यस शहरको छेउमा नेपाल, बंगलादेश, भुटान र चीनका सिमानाहरू पनि रहेको हुँदा यसको भूराजनीतिक महत्व उच्च रहेको छ । सिलिगुडीमा भानुभक्तदेखि पारिजातसम्मका शालिकहरू राखिएका छन् र नेपाली साहित्य तथा संस्कृतिका गतिविधिहरूले पनि यहाँ महत्वपूर्ण स्थान पाउँदै आएका छन् ।

साढे तीन दशकदेखि विश्वभर फैलिएका फरक-फरक पुस्ताबीच लोकप्रियता कमाउँदै आएको नेपथ्य शनिबार बेलुकी 'उत्सोधारा टिस्टा टाउनसिप'को मैदानमा उभिनेछ । आयोजनास्थलको ढोकाहरू बेलुकी साढे ५ बजे खुल्नेछन् भने कन्सर्ट ठीक दुई घण्टापछि सुरु हुनेछ ।

ब्यान्ड व्यवस्थापन गर्ने नेपालय का किरणकृष्ण श्रेष्ठले भने, 'भाषाले जोडेको भावनात्मक सम्बन्ध पछ्याउँदै हामीले त्यस भेगमा नेपथ्यलाई पहिले पनि प्रस्तुत गरिसकेका छौं । अन्तर्राष्ट्रिय मञ्चको अनुभवबाट आर्जित संगीत, प्राविधिक र व्यवस्थापकीय गुणस्तर उस्तै राख्ने प्रयास जारी छ ।'

गत वर्ष नेपथ्यले लन्डनस्थित 'वेम्बली एरिना'मा १० हजार दर्शकमाझ प्रस्तुति दिएको थियो र त्यसपछि युरोपका विभिन्न सहरमा सफल यात्रा सम्पन्न गरेको थियो । ब्यान्डका मुख्य गायक अमृत गुरुङ भन्छन्, 'भारतका नेपालीभाषी श्रोता-दर्शकले हामीलाई पहिले पनि माया गर्दै आउनुभएको छ । यसपटकको प्रस्तुति त्यस माया नयाँ उचाइमा पुर्याउने अवसर हुनेछ ।'

सिलिगुडी प्रस्तुति पनि अघिल्ला अन्तर्राष्ट्रिय यात्राजस्तै, नेपालबाट ब्यान्ड सदस्य, प्राविधिक र व्यवस्थापन टोलीसहित ठुलो समूह भारततर्फ प्रस्थान गर्दैछ । मञ्चमा अमृत गुरुङ सँगै ध्रुव लामा (ड्रमसेट), सुबिन शाक्य (बेस गिटार), नीरज गुरुङ (गिटार), शान्ति रायमाझी (मादल) र दिनेशराज रेग्मी (किबोर्ड) उपस्थित रहनेछन् ।

सिलिगुडीको कन्सर्टका लागि दर्शकले अनलाइनबाटै टिकट खरीद गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसरी कन्सर्टले नेपाली संगीतप्रेमीहरूको लागि मात्र नभई सम्पूर्ण पूर्वोत्तर भारत र सीमावर्ती क्षेत्रमा सांगीतिक उत्सवको अनुभूति प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# 'कार्की साइँला'को छायांकन सुरु



**काठमाडौं/मस–** निर्देशक राजेन्द्र बस्नेतको नयाँ फिल्म 'कार्की साइँला'को छायांकन सुरु भएको छ । मंगलबार पूर्वी नेपालस्थित धनकुटाबाट औपचारिक रूपमा सुटिङ थालिएको निर्माण टिमले जनाएको छ।

फिल्मको पहिलो सट कलाकार जितु नेपाल र प्रियना आचार्यले दिएका छन् । उनीहरू यस फिल्ममा श्रीमान्-श्रीमतीको भूमिकामा देखिनेछन् । चर्चित टेलिशृंखला 'सक्किगो नि'बाट परिचित बनेकी प्रियना र जितुको यो पहिलो सहकार्य हो ।

पहिलो दिनको छायांकनमा सुशील पोखरेल, वीरेन्द्र सिंह कुशवाह, मान्सी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बू, रोदा राई र कमल देवकोटा लगायतका कलाकार सहभागी थिए। निर्देशक बस्नेतका अनुसार एक महिनाको तालिकासहित छायांकन सुरु गरिएको हो । धनकुटापछि बराहक्षेत्र र चतरामा समेत फिल्म खिचिनेछ।

कर्णबहादुर फिल्म्स प्रालिको ब्यानरमा निर्माण हुन लागेको फिल्मका निर्माता बालकुमार राई हुन् भने प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ रहेका छन्। फिल्ममा डम्बर राईको छायांकन, किरण दाहालको एक्सन कोरियोग्राफी तथा दिप्सन लिम्बूको संगीत रहनेछ ।

दुई सयभन्दा बढी म्युजिक भिडियो निर्देशन गरिसकेका रोजल थापा मुख्य सहायक निर्देशकका रूपमा आबद्ध छन् । निर्माण टिमका अनुसार छायांकन सम्पन्न भएपछि मात्र प्रदर्शन मिति घोषणा गरिनेछ।

## मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/११/१४)

यस मकवानपुरगढी गाउँपालिकाले मिति २०८२/०९/०८ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक पेश हुन आएका बोलपत्रहरु उपर मूल्याङ्कन प्रकृया कारबाही गर्दा न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिलका बोलपत्रहरु स्वीकृतका लागि **सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७** को प्रयोजनार्थका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं./ ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. सहित) |
|---|---|---|---|
| 1. | 09 MGRM/WORKS/NCB-2082/083 Upgrading Of Upgrading Of Makawanpurgadhi Ga.Pa. 6 Sthit Gurdum Dada jane Batodekhi Simsar Gairi Sammako Sadak, Makawanpurgadhi- 6 | Baspani Nirman Sewa, Makawanpurgadhi-2 | NRs.20,14,922.89 |

**प्रमुख प्रशासकीय अधिकृत**

## चौतारा साँगाचोकगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/११/१४)

चौतारा सागाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/०९/२४ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | खरीद कार्यको प्रकृति | सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट, कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ GOODS-03/2082/083 | Procurement, Supply & Delivery of "Sanitary Pad" for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | Angel Touch Hygiene Manufacturing Pvt. Ltd., Bhaisipati, Lalitpur | ९,२५,५३८.४० |

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेत र साउदीमा रोजगार

कम्पनी: AL HANA UNITED FOR GEN CLEANING OF BUILDING AND ROAD CLEANING ACTIVITIES CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/१३ चलानी नं.: ६०२५२९९० L.T. No.: 339510

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 50 | 100 | स. काममा दक्ष | 85 | ४०,४०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SALEM BIN ALI BIN SALEM AL-MARRI CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/१३ चलानी नं.: ६०२५२९५३ L.T. No.: 339489

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labours | 20 | 0 | | 1300 | ५०,३२३ | | | | | | | |
| 3. | Welding | 1 | 0 | | 1600 | ६१,९३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | कुवेतमा नि:शुल्क साउदीमा रु १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

## कुवेतमा रोजगार

कम्पनी : PRIMO STREET VALET PARKINGCOMPANY FOR VALET PARKING SERVICES शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/१३ चलानी नं.: ६०२३८८५५ LT. No.:339503

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVER LIGHT | 15 | 0 | स. काममा दक्ष | 150 | ७१,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK STAR MANPOWER SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, 9816935532, 9851359348, 9705551551, 9761762121. 9815186563. | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## कुवेतमा रोजगार

कम्पनी: CLEAN & GREEN COMPANY FOR GENERAL BUILDING CLEANING CONTRACTING AND ROAD CLEANING CONTRACTING शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/१३ चलानी नं.: ६०२५२९७६ LT. No.: 339479

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 9 | 1 | स. काममा दक्ष | 100 | ४७५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

J.S.N. International Pvt. Ltd.
Sambhumarg, Airport-09, Kathmandu Tel No: 01-4959573, 01-4964548. Mobile No: : 9851113396
E-mail- info.jsninternational@gmail.com, Web.: jsnintl.com.np
श्रम इजाजत नं. १२१४/०७३/०७४

## कतारमा रोजगारको अवसर

कम्पनी: FORCE ONE CONTRACTING AND CLEANING W L L शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८२/०८/१२ चलानी नं.: ६०२४७५५२ L.T. No.: 334536 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason/Plaster Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४७६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Business Executive | 1 | 0 | | 2500 | ९९३२५ | | | | | | | |
| 3. | Cleaner Hospital | 1 | 0 | | 1000 | ३९७३० | | | | | | | |
| 4. | Coffe Cook | 2 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 5. | Cook - Asian | 1 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 6. | Cook General | 2 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 7. | Dry Cleaning Worker | 6 | 19 | | 1000 | ३९७३० | | | | | | | |
| 8. | General Cooks | 2 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 9. | Helper | 3 | 0 | | 1000 | ३९७३० | | | | | | | |
| 10. | Waiter | 1 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 11. | Waiter(Male) | 2 | 0 | | 1500 | ५९५९५ | | | | | | | |
| 12. | Juice Maker | 0 | 2 | | 1500 | ५९५९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २१ गते (5 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

